वर्ष २० | अंक १२७ | काठमाडौं | बुधवार, २३ माघ २०८१ | Wednesday, 5 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

सौराहामा माघ २९ गतेदेखि फुड फेष्टिवल हुँदै २

कतारमा नबिल बैंकको 'घर त नेपाल' कार्यक्रम ३

प्रबन्ध सञ्चालकको अवधारणा ४

सरकारले तयार पार्‍यो एआई नीतिको मस्यौदा ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८


भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

ललितपुर ग्वार्कोमा निर्माणाधीन फ्लाइओभर । सडक विभागले नियतवश पटकपटक परीक्षण गर्न लगाई दुःख दिएको भन्दै ठेकेदार कम्पनीले एक महीनादेखि फ्लाइओभरको काम गरेको छैन । यो फ्लाइओभर आशिष-समानान्तर-रेलिगेर जेभीले निर्माण गरिरहेको छ ।

## बैंक, वित्तीय संस्थाको विपन्न वर्ग कर्जा घट्यो




**अभियान संवाददाता**
काठमाडौं

- बैंक, वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जाको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्छ
- न्यून आय भएका र सामाजिक रूपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, फरक ढंगले सक्षम व्यक्तिहरू, सीमान्तकृत समुदाय तथा साना किसान, कालिगढ, मजदूर र भूमिहीन परिवार विपन्न वर्गमा परिभाषित

नेपाल राष्ट्र बैंकले विपन्न वर्गमा प्रवाह हुने कर्जामा कडाइ गरेपछि बैंक, वित्तीय संस्थाहरूले यो शीर्षकको लगानी घटाउन थालेको देखिएको छ ।

एक वर्षको अवधिमा बैंक, वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गरेको कर्जा करीब साढे ५ प्रतिशतले घटेको छ । बैंकहरूले २०८० पुसमा विपन्न वर्ग शीर्षकमा ३ खर्ब १८ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेकोमा २०८१ पुसमा घटेर ३ खर्ब १ अर्ब रुपैयाँ कायम भएको छ । यसैगरी २०८१ असारको तुलनामा पुसमा उक्त कर्जा ३ दशमलव ३ प्रतिशतले घटेको छ ।

बैंक, वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जाको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने नियम छ । बैंकहरूले लघुवित्त वित्तीय संस्थामार्फत र प्रत्यक्ष रूपमा आफैले पनि यस्तो कर्जा प्रवाह गर्दै आएका छन् ।

केन्द्रीय बैंकले न्यून आय भएका र सामाजिक रूपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, फरक ढंगले सक्षम व्यक्तिहरू, सीमान्तकृत समुदाय तथा साना किसान, कालिगढ, मजदूर र भूमिहीन परिवारलाई विपन्न वर्गका रूपमा परिभाषित गरेको छ । यसबाहेक नवीकरणीय ऊर्जामा ३ लाखसम्म, वैदेशिक रोजगारीका लागि १ लाख ५० हजारसम्म, शीतभण्डारलगायत कृषि पूर्वाधारमा ४ लाखसम्म, प्राविधिक शिक्षामा २ लाखसम्म, युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा दिएको रकम, ग्रामीण क्षेत्रको सामुदायिक अस्पतालले लिने १ करोड रुपैयाँसम्मको कर्जालाई पनि यही शीर्षकमा गणना गर्न पाउने सुविधा दिएको छ ।

तर, लघुवित्त वित्तीय संस्थाहरूको कर्जा असुलीमा समस्या आएपछि राष्ट्र बैंकले २०७९ फागुनमा निर्देशन जारी गर्दै एक व्यक्तिले एकभन्दा बढी लघुवित्तबाट कर्जा लिन नपाउने र बैंकका ऋणीले लघुवित्तबाट कर्जा लिन नपाउने व्यवस्था गरेको थियो । उक्त व्यवस्थालाई २०८१ साउनमा संशोधन गरी एक व्यक्तिले दुईओटासम्म लघुवित्तबाट ऋण लिन पाउने व्यवस्था गरे पनि बैंक र लघुवित्तबाट दोहोरो कर्जा लिन नपाउने व्यवस्थालाई यथावत् राखेको छ ।

यसैगरी २०७९ फागुनदेखि नै सामूहिक जमानीमा ५ लाख र धितोमा ७ लाख रुपैयाँसम्म मात्र विपन्न कर्जा लिन पाउने गरी सीमा निर्धारण गरेको छ । त्यसअघि सामूहिक जमानीमा ७ लाखसम्म र धितोमा १५ लाख रुपैयाँसम्म कर्जा पाउने प्रावधान थियो ।

राष्ट्र बैंकले दोहोरो कर्जा लिन कडाइ गर्नुका साथै कर्जाको सीमासमेत घटाएपछि बैंकहरूले विपन्न वर्ग शीर्षकमा प्रवाह गरेको ऋण घटेको नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले बताए । यसैगरी लघुवित्तहरूले व्यवसाय विस्तार गर्न नसक्दा बैंकबाट लिने ऋणसमेत कम भएको उनले जानकारी दिए ।

लघुवित्त वित्तीय संस्थाहरूबाट पीडित भएको भन्दै सर्वसाधारण आन्दोलित भएपछि राष्ट्र बैंकले कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा समिति बनाएर अध्ययन गरेको थियो । समितिको सुझावका आधारमा राष्ट्र बैंकले लघुवित्त कर्जालाई कडाइ गर्दै गएको छ । राष्ट्र बैंकले पुस दोस्रो साता लघुवित्त वित्तीय संस्थाका लागि मार्गदर्शन जारी गर्दै ग्राहकको कर्जा सदुपयोगिताको नियमित अनुगमन गर्न पनि निर्देशन दिएको छ ।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको असारको तुलनामा चालू वर्षको पुससम्ममा बैंक, वित्तीय संस्थाको कर्जा प्रवाह ५ दशमलव २ प्रतिशतले वृद्धि भएको छ । असारसम्ममा बैंकहरूको कुल कर्जा प्रवाह ५१ खर्ब ६७ अर्ब रुपैयाँ रहेकोमा पुससम्ममा बढेर ५४ खर्ब ३५ अर्ब रुपैयाँ पुगेको छ । यस अवधिमा सबैभन्दा बढी आयातका लागि दिने कर्जा ५६ दशमलव ६ प्रतिशतले बढेको छ । यसैगरी मार्जिन कर्जा २६ दशमलव ३ प्रतिशत बढ्दा ओभरड्राफ्ट कर्जा ९ दशमलव ८ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

### नेपाल टेलिकमको शेयर संरचना हेरफेर गरिँदै

# सर्वसाधारणको स्वामित्व २५ प्रतिशतसम्म पुर्‍याइने

**विजय दमासे**
काठमाडौं

नेपाल टेलिकममा सर्वसाधारणको शेयर स्वामित्व बढाएर २५ प्रतिशत पुर्‍याउने सरकारका एक मन्त्रीले बताएका छन् । हाल नेपाल टेलिकममा सरकारको ९२ प्रतिशत र सर्वसाधारणको ८ प्रतिशत स्वामित्व छ । २०६५ सालमा प्रारम्भिक शेयर निष्कासन गरेर कम्पनीमा सर्वसाधारणको स्वामित्व स्थापित गरिएको थियो ।

मंगलवार नेपाल टेलिकमको २१औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यो वर्षभित्रै सरकारी स्वामित्व घटाई सर्वसाधारणको स्वामित्व २५ प्रतिशतसम्म पुर्‍याउने गरी सरकारले गृहकार्य गरेको बताए ।

'सरकारी कम्पनीलाई हेर्ने दृष्टिकोण फरक भएकाले सर्वसाधारणको स्वामित्व वृद्धि गरी जनतालाई कम्पनीप्रति अपनत्वको अनुभव गराउन स्वामित्व वृद्धि गर्न लागिएको हो,' उनले भने, 'सर्वसाधारणको शेयर स्वामित्व बढ्दा टेलिकमजस्ता सार्वजनिक संस्थामा जनताको निगरानी बढ्नेछ र व्यवस्थापनलाई पनि सर्वसाधारण जनता र ग्राहकप्रति संवेदनशील भएर पारदर्शिता कायम गर्नुपर्ने दबाब बढ्नेछ ।'

टेलिकमका ग्राहकलाई शेयर दिने योजना विष्णु पौडेल २०७८ मा अर्थमन्त्री बनेकै बेला बजेटमार्फत घोषणा गरिएको थियो । बजेटमा उनले नेपाल टेलिकमका ग्राहकलाई २२ प्रतिशत शेयर विक्री गर्ने घोषणा गरेका थिए ।



तस्वीर : रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ मंगलवार काठमाडौंमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)को २१औं वार्षिकोत्सव समारोह उद्घाटन गर्दै ।

त्यतिबेला टेलिकमका ल्यान्डलाइन, मोबाइल र इन्टरनेट सेवाका ग्राहकले शेयर खरीद गर्न पाउने गरी तयारी गरिएको थियो । यी तीनमध्ये कुनै एक सेवाको ग्राहक बन्ने व्यक्तिले शेयर खरीद प्रक्रियामा भाग लिन पाउने व्यवस्था बजेटमा राखिएको थियो । कम्पनीको शेयर बाँडफाँट प्रक्रिया र शेयर मूल्यको विवरण सोही वर्षको असोज मसान्तभित्र तय गरिने बताइए पनि तत्कालीन सरकारले त्यसबारे कुनै कामै गर्न सकेको थिएन । अहिले सञ्चारमन्त्रीले २५ प्रतिशत शेयर जनतालाई दिने बताए पनि यसको कार्यान्वयन हुन्छ/हुँदैन भन्नेमा अन्योल कायमै छ ।

आम्दानी खुम्चिँदा टेलिकम सेवाप्रदायकको पूँजीगत लगानी घट्दो । पृष्ठ-५

**टेलिकमको वित्तीय अवस्था कस्तो छ ?**

नेपाल टेलिकमको आम्दानी र नाफा घट्दो क्रममा रहेको छ । गत आर्थिक वर्ष (आव) २०८०/८१ मा कम्पनीको आय ४२ अर्ब ११ करोड रुपैयाँ थियो । अघिल्लो आव २०७९/८० मा यो कम्पनीले ४४ अर्ब ४३ करोड रुपैयाँ आम्दानी गरेको थियो ।

कम्पनीको खुद मुनाफा पनि विगत २ वर्षयता लगातार घटिरहेको छ । गत आवको टेलिकमको खुद नाफा ६ अर्ब २३ करोड रुपैयाँ छ । यो अघिल्लो आवको तुलनामा कम हो । आव २०७९/८० मा टेलिकमको खुद नाफा ७ अर्ब ९४ करोड र २०७८/७९ मा ८ अर्ब ४७ करोड रुपैयाँ थियो ।

» बाँकी पृष्ठ ५ मा


### 'भोवाइफाई' सेवा व्यावसायिक रूपमा सञ्चालनमा

नेपाल टेलिकमले 'भोवाइफाई' सेवा व्यावसायिक रूपमा सञ्चालनमा ल्याएको छ । मंगलवार टेलिकमको २१औं वार्षिकोत्सवको अवसरमा यो सेवा औपचारिक रूपमा शुरू गरिएको हो । यो प्रविधिमार्फत 'भोवाइफाई' सपोर्ट गर्ने र भोल्टे सेवा सक्रिय भएका कुनै पनि मोबाइल फोनबाट नेपालभित्र तथा विदेशबाट वाइफाई नेटवर्कमार्फत नेपाल टेलिकमकै मोबाइल नम्बर प्रयोग गरी भ्वाइस तथा एसएमएस सेवा लिन सकिनेछ ।


कम्पनीका अनुसार नेपालभित्र यो सेवा प्रयोग गर्दा साबिककै भ्वाइस/एसएमएस प्याकेज वा पे-एज-यू-गो दरअनुसार शुल्क लाग्नेछ । विदेशबाट यो सेवा प्रयोग गर्दा आगमन कल निःशुल्क हुनेछ भने बाहिर जाने कलको शुल्क प्रतिमिनेट ३ रुपैयाँ लाग्नेछ ।

'भोवाइफाई' सेवाको शुरुआतसँगै ग्राहकलाई थप सहज र प्रविधिमैत्री सञ्चार सेवा उपलब्ध गराउने कम्पनीले योजना छ । 'भोवाइफाई' अर्थात् भ्वाइस ओभर वाइफाई एक प्रविधि हो, जसले प्रयोगकर्तालाई वाइफाई नेटवर्कमार्फत फोन कल तथा एसएमएस सेवा प्रयोग गर्न सक्ने सुविधा प्रदान गर्छ । सामान्यतया, मोबाइल कलहरू सेलुलर नेटवर्क (जस्तै- टू जी, थ्री जी, फोर जी) को माध्यमबाट गरिन्छ । तर, 'भोवाइफाई' सेवाले मोबाइल नेटवर्क नभएको ठाउँमा पनि वाइफाईमार्फत कल गर्न र एसएमएस पठाउन सकिनेछ ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### पाथीभरा केबलकार निर्माणमा विवाद

# अवरोधले लगानीको वातावरण बिथोलियो : निजीक्षेत्र

**केबलकार निर्माणमा स्थानीय तह र स्थानीय बासिन्दा सहमत हुँदाहुँदै बाह्य हस्तक्षेपका कारण अवरोध भएको निजीक्षेत्रको निष्कर्ष**

**अभियान संवाददाता**
काठमाडौं


- २ दिनदेखि सरकार र सरोकारवालाबीचको वार्ता निष्कर्षविहीन
- केबलकार खारेज हुनुपर्ने, प्रहरी फिर्ता गर्नुपर्ने, गिरफ्तार गरिएकालाई विनाशर्त रिहा गर्नुपर्ने, घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचार गर्नुपर्ने, घटनाको उच्चस्तरीय छानबिन समिति निर्माण गर्नुपर्ने संघर्ष समितिको माग

ताप्लेजुङको पाथीभरा मन्दिरसम्म पुग्ने केबलकार निर्माणको शिलान्यास भएसँगै उक्त परियोजना निर्माणमा भएको अवरोधले लगानीकर्तामा नकारात्मक सन्देश गएको निजीक्षेत्रका प्रतिनिधि संस्थाहरूले बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको आईएमई समूहअन्तर्गतको कम्पनी पाथीभरा देवी मुक्कुम्लुङ केबलकार दर्शन प्रालिले सञ्चालन तथा व्यवस्थापन गर्ने गरी केबलकार निर्माण हुन लागेको हो । तर, विरोधका कारण २०८१ माघ ८ मा शिलान्यास गरिएको केबलकार परियोजनाको भविष्य अन्योलमा परेको छ । केबलकार निर्माण गर्दा किरातहरूको धार्मिक ग्रन्थ मुन्धुमको दर्शन, मूल्य, मान्यताविपरीत हुने भन्दै स्थानीय संघसंस्था चर्को विरोधमा उत्रिएका छन् ।

'नो केबलकार'आन्दोलन शुरू गरेका संघर्ष समिति र सरकारबीच सोमवारदेखि वार्ता जारी छ । तर, मंगलवारको वार्ताबाट पनि कुनै निष्कर्ष निस्कन नसकेपछि आन्दोलनका कार्यक्रमहरू जारी रहने संघर्ष समितिले बताएको छ ।

» बाँकी पृष्ठ ५ मा





काठमाडौंको बालाजुमा पोल्ट्री सप्लायर्स पसलबाट चल्ला खरीद गरेर निस्कँदै महिला ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# काँक्रोको बीउ बेचेर पर्वतका कृषकले गरे ६ करोड आम्दानी

पर्वत । पर्वतको फलेवास नगरपालिका-११ पांग्राङका कृषकले काँक्रोको बीउ विक्री गरेर ६ करोडभन्दा आम्दानी गरेका छन् । विगत २५ वर्षदेखि काँक्राको बीउ उत्पादन गर्दै आएका यहाँका कृषकले त्यसको विक्रीबाट यस वर्ष ६ करोड ३० लाख रुपैयाँ आम्दानी गरेका हुन् । स्थानीय कृषक सूर्यबहादुर कुँवरको नेतृत्वमा विसं २०५७ मा नारायणस्थान बीउ उत्पादन समूह गठन गरेर व्यावसायिक रूपमा बीउ उत्पादनमा लागेका कृषकले यस वर्ष ६३ क्विन्टल काँक्रोको बीउ उत्पादन गरेका छन् ।

प्रतिकिलो रू. १० हजारका दरले विक्री गर्दा उक्त आम्दानी भएको कृषक बाबुराम भुसालले जानकारी दिए । उनका अनुसार गतवर्ष ७० क्विन्टल बीउ उत्पादन भएकोमा यस वर्ष ६३ क्विन्टल मात्र भएको हो । गतवर्ष रू. सात करोडको विक्री भएको थियो । कृषकले भक्तपुरे लोकल जातको काँक्राको बीउ उत्पादन गर्दै आएका छन् ।

समूह गठन भएको शुरूको वर्ष चार किलो काँक्राको बीउ र ६५ किलो ४० दिने मूलाको बीउ उत्पादन भएको कृषक भुसालले जानकारी दिए । शुरुआतमा प्रतिकिलो रू. आठ सयका दरले विक्री गरेकोमा अहिले मूल्य बढेर रू. १० हजारमा विक्री गर्दै आएको उनले उल्लेख गरे ।

केही वर्ष मुला, उन्नत जातको गोलभैँडा, चम्सुरलगायतको बीउ उत्पादन हुँदै आएको थियो । काँक्राको बीउबाट मनग्गे आम्दानी हुन थालेपछि केही वर्षदेखि यसको मात्र व्यावसायिक उत्पादन गर्न थालिएको भुसालले बताए । उनका अनुसार यहाँका ७२ परिवारले व्यावसायिक रूपमा काँक्रोखेती गर्दै आएका छन् ।

काँक्राको बीउ विक्रीबाट कृषकले न्यूनतम पाँच लाखदेखि १८ लाखसम्म आम्दानी गर्दै आएको अर्का कृषक टुकप्रसाद पौडेलले जानकारी दिए । यस वर्ष आफूले एक क्विन्टल काँक्राको बीउ विक्री गरी १२ लाख रुपैयाँ आम्दानी गरेको उनको भनाइ छ ।

दुःख गरेअनुसारको प्रतिफल बीउ उत्पादनबाट हुने गरेकोमा खुशी हुँदै उनले भने, 'काँक्राको बीउ गाउँबाटै विक्री गर्न पाइएको छ । बीउ उत्पादनसँगै हिउँदे आलुखेती र पोखरेली जेठो बुढो धान पनि लगाउन पाइएको छ ।' उनका अनुसार पहिले मकैखेती गर्ने बारीमा यहाँका कृषकले व्यावसायिक काँक्रो खेती गर्दै आएका हुन् । कृषकले फागुन पहिलो साता रोपेको काँक्रा जेठ महीनामा तयार भई थन्क्याउने काम गर्छन् भने उत्पादित बीउलाई असारसम्ममा विक्री गर्दै आएका छन् । यहाँ उत्पादित अधिकांश बीउ काठमाडौंको कालीमाटी बजारका व्यापारीले खरीद गर्दै आएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख पर्शुराम अधिकारीले जिल्लाको फलेवास नगरपालिका-११ पांग्राङ र जलजला गाउँपालिका-७ धाइरिङमा व्यावसायिक रूपमा काँक्राको बीउ उत्पादन हुँदै आएको जानकारी दिए । उत्पादित बीउ विभिन्न कृषि अनुसन्धान केन्द्र र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)मार्फत विभिन्न क्षेत्रमा सिफारिस गर्ने गरिएको छ । व्यावसायिक कृषकलाई केन्द्रबाट विभिन्न अनुदान र प्राविधिक सहयोग गर्ने गरिएको बताए । पर्वतको धाइरिङका कृषकले बीउ विक्री गरी यस वर्ष चार करोड भित्र्याएका छन् । *रासस*



**जिल्लाको फलेवास नगरपालिका-११ पांग्राङ र जलजला गाउँपालिका-७ धाइरिङमा व्यावसायिक रूपमा काँक्राको बीउ उत्पादन हुँदै आएको जानकारी दिए ।**

# वैदेशिक अध्ययनमा बाहिरियो ५६ अर्ब ८३ करोड

काठमाडौं । वैदेशिक अध्ययनका लागि नेपाली विद्यार्थीले ५६ अर्ब ८३ करोड रुपैयाँ बराबर खर्च गरेका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको ६ महीनाको विवरणअनुसार गतवर्षको सोही अवधिको तुलनामा वैदेशिक अध्ययन खर्चमा दुई अर्ब बढीले कमी आए पनि शिक्षाको नाममा विदेशिने रकम ठूलो छ । अघिल्लो वर्ष वैदेशिक अध्ययनका लागि ५८ अर्ब ९५ करोड रुपैयाँ बराबरको रकम विदेशिएको थियो । समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय ९ दशमलव ७ प्रतिशतले बढेर एक खर्ब एक अर्ब ९२ करोड पुगेको छ । गतवर्षको ६ महीनाको अवधिमा भ्रमण व्यय ९२ अर्ब ८७ करोड रुपैयाँ बराबर थियो ।

समीक्षा अवधिमा खुद सेवा आय ४३ अर्ब ५३ करोड रुपैयाँले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ३५ अर्ब ४३ करोडले घाटामा रहेको थियो । सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय पाँच दशमलव एक प्रतिशतले वृद्धि भई ४१ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३९ अर्ब ८२ करोड रुपैयाँ रहेको थियो । *रासस*

# बाँकेमा भेटिए नयाँ ३२ प्रजातिका आगन्तुक जलचर चरा

बाँके । बाँकेमा यो वर्ष थप ३२ प्रजातिका हिउँदे आगन्तुक जलचर चरा भेटिएका छन् । यो वर्ष गरिएको चरा गणनाको नतीजा अनुसार उक्त संख्यामा जलचर चरा भेटिएका हुन् । राप्तिसोनारी गाउँपालिका-१ कुसुमस्थित राप्ती नदीबाट शुरू गरिएको गणना तथा सर्वेक्षणमा थप ३२ प्रजातिका चरा भेटिएका चरा संरक्षणकर्मी आशिष चौधरीले जानकारी दिए । 'जिल्लास्थित राप्ती नदीको कुसुमबाट अगैया क्षेत्र र विभिन्न ताल एवं नदीमा जलचर चराको गणना तथा सर्वेक्षण गर्दा यो वर्ष ३२ प्रजातिका थप चरा भेटिएका हुन्,' उनले भने, 'अघिल्लो वर्षको तुलनामा यो वर्ष नयाँ चराको संख्या बढेको छ ।'

कान्ति तालमा हिउँदे आगन्तुक पानी चरा २० प्रजाति र जिल्लाभरि ३२ प्रजातिका भेटिएको जानकारी चौधरीले दिए । जलचरा संरक्षणका लागि सिमसार नदी नालाको संरक्षण र अन्य पूर्वाधार व्यवस्थापन प्रभावकारी बनाउन सके चराको संख्या बढ्ने उनको भनाइ छ ।

चराविद् राम शाहीले पानी चराको बासस्थान र संरक्षणको अवस्थाका बारेमा विस्तृतमा सूचना तथा जानकारी प्राप्त हुने भएकाले चरा गणना गरिएको बताए । बाँकेको राप्ती नदी तटीय क्षेत्र, सुतैया ताल, कान्ति तालमा सिलसिले हाँस र जल कौवासँगै अन्य वकुला प्रजातिका चराका लागि वासस्थान सुरक्षित रहेको जानकारी उनले दिए ।

'जलमा बस्ने चरा प्रजाति सुरक्षित तब हुन्छन्, जब उनीहरूले वास गर्ने जलाशय सफा र स्वच्छ हुन्छ,' शाहीले भने, 'यो वर्ष अघिल्लो वर्षको तुलनामा तालतलैया सफा भएकाले सिलसिले हाँस र जल कौवाको संख्या बढेको हो ।' ती चखेवासहित साइबेरियन र रसियाबाट नेपाल फर्केका चरा रहेका उनले जानकारी दिए ।

डिभिजन वन कार्यालय, बाँकेका प्रमुख डिभिजन वन अधिकृत शंकरप्रसाद गुप्ताले जलचर चराहरूको गणनाबाट यस वर्ष ३२ चरा प्रजातिका चराको संख्या बढेको बताए । चराको मुख्य वासस्थानका रूपमा रहेको राप्ती नदी र कान्तिताललगायत जलाशय क्षेत्रमा मानवीय गतिविधि र प्रदूषण रोकथाम गरेसँगै संख्या बढेको उनको भनाइ छ । कान्ति ताल महत्त्वपूर्ण सिमसार भएको भन्दै उनले चरा संरक्षण क्षेत्रका रूपमा यसलाई विकसित गर्नुपर्नेमा जोड दिए ।

बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दीप पंगेनीले यो वर्षको हिउँदे मौसममा गरिएको चरा गणना र सर्वेक्षणमा नयाँ र चाख लाग्दा चरा भेटिएको बताए । राप्ती नदीको आसपास क्षेत्र, स्थानीय वन, कान्ति ताल र सुतैया तालमा आगामी वर्ष चराको संख्या वृद्धि गर्न उनीहरूको वासस्थानलाई सफा र सुरक्षित राख्न विशेष योजना बनाइने जानकारी उनले दिए । बर्सेनि हुने सर्वेक्षण तथा गणनाबाट चराको वासस्थान व्यवस्थापनका लागि अपनाउनुपर्ने उपायका बारेमा सहयोग पुग्ने विश्वास उनले व्यक्त गरे । *रासस*

# सौराहामा माघ २९ गतेदेखि फुड फेष्टिवल हुँदै

**सूर्यप्रसाद अधिकारी**
चितवन

सौराहामा यही माघ २९ गतेदेखि सौराहा फुड फेष्टिवल हुने भएको छ । सुस्ताएको पर्यटनलाई उकास्ने उद्देश्यसहित रेष्टुरेण्ट एण्ड बार एशोसिएसन नेपाल (रेबान), सौराहाको आयोजनामा सौराहा फुड फेष्टिवलको १९औं संस्करण हुन लागेको हो । आयोजकले मंगलवार सौराहामा पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएको छ । प्रणय दिवसको अवसर पारेर हरेक वर्ष सौराहामा फुड फेष्टिवल हुँदै आएको छ ।

पत्रकार सम्मेलनमा रेबानका अध्यक्ष ध्रुव गिरीले चितवनको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित फेष्टिवलको आयोजना गरिएको जानकारी दिए। सौराहास्थित पर्यटक बसपार्क जाने बाटोको उत्तरतर्फको खाली ठाउँमा फेष्टिवल गर्न लागिएको छ । फेष्टिवलको नारा 'प्राकृतिक सौन्दर्य, चितवन सौराहाको विशेषता' रहेको छ ।

समग्र सौराहाको पर्यटन विकास गर्ने, विभिन्न जातजातिका परम्परागत तथा स्थानीय, स्वदेशी, विदेशी खानाको प्रवर्द्धन गर्ने, स्थानीय कलासंस्कृति/वेशभूषाको जगेर्ना गर्दै पर्यटकीय गन्तव्यको रूपमा सौराहालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पहिचान गराउने, प्रवेश टिकटबाट भएको आम्दानीले यस वर्ष पनि सौराहाको पर्यटन मार्ग सौन्दर्यकरण गर्ने उद्देश्यले फेष्टिवल आयोजना गरिएको अध्यक्ष गिरीले बताए ।

फेष्टिवलका कारण सौराहामा पर्यटक आगमन बढ्ने व्यवसायीको अपेक्षा छ । फागुन ३ गतेसम्म चल्ने फेष्टिवलमा बहुल जातजातिको झाँकीका साथै सिन्धुलीको मगर बाजाको प्रस्तुति, राष्ट्रिय तथा स्थानीय कलाकारको सांगीतिक प्रस्तुति, स्थानीय जनजातिका खाना प्रदर्शनी तथा प्रतियोगिता, वेटर/वेट्रेसबीच प्रतियोगिता, तान डोरी प्रतियोगिता, प्रथम रेबान कप महिला फुटबल प्रतियोगिता, अन्तरविद्यालय नृत्य प्रतियोगिता, ब्याटमिन्टन प्रतियोगिता हुने फेष्टिवलका संयोजक शम्भुप्रसाद मालीले जानकारी दिए ।

९० लाख खर्च हुने अनुमान गरिएको फेष्टिवल अवधिभर सौराहा क्षेत्रभित्र कार्यक्रम अवधिभर अनुमानित ३ करोड रुपैयाँसम्मको कारोबार हुने अपेक्षा गरिएको छ ।

फेष्टिवल अवलोकनका लागि सौराहामा दैनिक ५ हजार स्वदेशी तथा विदेशी पर्यटक भित्रने रेबान सौराहाका महासचिव नवीन नेपालले जानकारी दिए । रत्ननगर नगरपालिका संरक्षक रहेको सो फेष्टिवलको सहआयोजकमा रेबान महिला समूह, क्षेत्रीय होटल संघ सौराहा र युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था छन् । कार्यक्रममा सौराहा पर्यटन विकास समिति रत्ननगरका अध्यक्ष भेषराज दुवाडी, क्षेत्रीय होटल संघका अध्यक्ष गंगा गिरी, फेष्टिवलका आर्थिक उपसमितिका संयोजक सुवासचन्द्र गौतम लगायतले मन्तव्य राखेका थिए । फेष्टिवल अवधिभर सौराहाका व्यवसायीले आवास र खानामा १० प्रतिशत छूट सुविधा समेत सार्वजनिक गरेका छन् ।



**९० लाख खर्च हुने अनुमान गरिएको फेष्टिवल अवधिभर सौराहा क्षेत्रभित्र कार्यक्रम अवधिभर अनुमानित ३ करोड रूपैयाँसम्मको कारोबार हुने अपेक्षा गरिएको छ ।**


## एलिडा नेपाल प्रा.लि.
## रकम भुक्तानी सम्बन्धमा अत्यन्त जरूरी सुचना

सम्मानित श्री उच्च अदालत पाटनबाट मिति २०८१।०२।३० मा एलिडा नेपाल प्रा.लि. ("कम्पनी") लाई दामासाही सम्बन्धी ऐन, २०६३ को दफा २२ को उपदफा (१) को खण्ड (क) र दफा ३७ बमोजिम खारेज गर्ने आदेश भएको छ । यसै सम्बन्धमा सम्मानित अदालतले म अधिवक्ता रत्न कुमार खरेललाई लिक्विडेटरको रूपमा नियुक्त गरेको छ । कम्पनीको खाता विवरण लेजर तथा आ.व. २०८०/०८१ हेर्दा तपाई देहायका कम्पनी तथा फर्महरूले यस कम्पनीलाई सामान खरिद बिक्री वापतको रकम भुक्तानी गर्नुपर्ने देखिएको छ । दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ४०(१)(ज) अनुसार उक्त रकम असल गर्नुपर्ने दायित्व म लिक्विडेटरको हने भएकाले प्रस्तुत सुचना प्रकाशन भएको १५ दिनभित्र म लिक्विडेटरसँग सम्पर्क गरी भक्तानी गरिदिन हन सुचित गर्दछ । साथै, उक्त म्यादभित्र भक्तानी नभएमा कानुनी उपचार को बाटो अवलम्बन गरिने व्यहोरा समेत सुचित गर्दछु:

| क्र.सं. | कम्पनी/फर्मको नाम | रकम(रू.) |
|---|---|---|
| १. | बोल बम ट्रेडर्स | ९,०२०.२५ |
| २. | क्राफ्टेड डिटि ट्रेड लिंक्स | १,४४,३३८.६५ |
| ३. | के.सी. मल्टि ट्रेडर्स | ७१,३६२.७८ |
| ४. | कुवेर स्टेसनर्स एण्ड सप्लायर्स | १,७५,३६८.७३ |
| ५. | क्वालिटि सप्लायर्स प्रा.लि.,सुकेधारा, काठमाडौं | ४,६८,०३१.८५ |
| ६. | महाताभ जेनेरल स्टोर | १,९६१.७५ |
| ७. | मनिल ट्रेड कन्सर्न प्रा.लि., न्यू रोड, काठमाडौं | ४,४३,११८.२७ |
| ८. | मास्के भेराइटिज, नारायणस्थान, इलाम | ४७,७९१.८३ |
| ९. | मेगा मार्ट प्रा.लि., बालुवाटार | ४,०४,६२६.१९ |
| १०. | भाटभटेनी सुपर मार्केट | ४७,९५,६०२.०४ |
| ११. | नेपाल ओभरसिज मार्केट प्रा.लि. | २,५८,८७६.२५ |
| १२. | न्यू सिद्धबाबा ट्रेडर्स | ६,६६९.२२ |
| १३. | आर.ए. सप्लायर्स | ३१,५९७.९७ |
| १४. | एस.एस. बि. मार्केटिङ प्रा.लि.,चाबाहिल, काठमाडौं | १,२०,९०४.४१ |
| १५. | शिव शक्ति ट्रेडर्स | ५,१५२ |
| १६. | श्री स्वर्ण इन्टरप्राइजेज, नरदेवी, काठमाडौं | १७,०९०.७१ |
| १७. | सुस्मिता जेनेरल स्टोर | १,३३,७२७.१६ |
| १८. | सुवर्ण मेहर स्टोर | २,४३,०८६.५४ |
| १९. | यास ट्रेडर्स, पेप्सिकोला, काठमाडौं | १९,६२९.२९ |

**सुचना जारी गर्ने लिक्विडेटरः**
अधिवक्ता रत्नकुमार खरेल
सम्पर्क नम्बर:९८०१०३०२९९
कार्यालयः ललितपुर महानगरपालिका, वडा नं ३, पुल्चोक, ललितपुर
इमेलः ratnakharel@gmail.com



## REQUEST FOR PROPOSAL (RFP) OUTSOURCING OF FISH PROCESSING AND PACKAGING FACILITY

Himalayan Fisheries Limited (HFL), a subsidiary of a public limited company, is planning to enter the market in the fish processing and packaging sector. To ensure high-quality processing and packaging in its initial phase, HFL seeks to outsource this operation to an experienced and capable service provider.

Interested and eligible firms having the necessary expertise, infrastructure, and regulatory approvals are invited to submit their **Request for Proposal (RFP)** for providing fish processing and packaging facilities. The selected firm will be responsible for processing, packaging, delivering and ensuring compliance with industry and food safety standards.

**Scope of Work:**

- Processing and packaging of fish as per HFL's specifications and requirements.
- Ensuring compliance with relevant food safety regulations and quality standards.
- Maintaining hygiene, efficiency, and sustainability in operations.
- Timely delivery of processed and packaged fish.

**Eligibility Criteria:**

- Must be a legally registered entity with a valid license for food processing along with other necessary approvals from regulatory authorities.
- Should have a well-equipped processing and packaging facility.
- Experience in handling similar processing work.
- Compliance with food safety regulations as per the Nepalese legal requirements.
- Own distribution channel/storage facility is preferred.

**Submission Details:**

Interested parties are requested to submit their proposals along with relevant documents, including company profile, company registration, PAT/VAT certificate, Other necessary approval documents from regulatory authorities, & recent Tax clearance certificate to the following address:

**Himalayan Fisheries Limited**
Birgunj-21, Lipanibirta, Parsa
Email: info@himalayanfisheries.com
Contact Number: 9823232077

The last date for submission is **11th February 2025**. Shortlisted firms may be invited for further discussions and negotiations.


Himalayan Fisheries Limited reserves the right to accept or reject any or all applications without assigning any reason.


# अझै सम्पन्न भएन लमजुङ दरबारको पुनर्निर्माण

लमजुङ । लमजुङ दरबार बजेट अभावले पुनर्निर्माण अझै सम्पन्न हुन सकेको छैन । समुद्री सतहबाट एक हजार ४४५ मिटर उचाइमा रहेको सो दरबार १६औं शताब्दीमा बनेको बताइएको छ । शाहवंशीय राजाको उद्गस्थल मानिएको लमजुङ बेँसीशहर नगरपालिका-३ गाउँशहरस्थित सो दरबारको तीन वर्षअघि पुनर्निर्माण शुरू गरिएको थियो । पुरातत्त्व विभागका इन्जिनियर गोविन्द अधिकारीका अनुसार निर्माण थालनी गरेको दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि सरकारले बजेट उपलब्ध नगराउँदा सम्पन्न हुन नसकेको हो । दरबारको केही पर्खाल लगाउने, कालिका मन्दिरको पर्खाल लगाउने, छाना हाल्ने काम, छानामा हाल्ने काठ राख्न, गजुर राख्न, दरबारभित्र प्लास्टर, झ्यालढोकाका खापा, रङरोगन, भुइँमा गर्नुपर्ने काम अझै बाँकी रहेको उनले जानकारी दिए ।

आर्थिक वर्ष ०७९/८० मा रु. एक करोड ३३ लाख बजेटबाट पुनर्निर्माण शुरू गरिएकोमा गत आवमा सरकारले रू. ५० लाख बजेट छुट्ट्याएको थियो । पुरानै शैली र स्वरूपमा दरबारको पुनर्निर्माण भइरहेको छ । दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा शैलीको बन्नेछ । दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याएर प्रयोग गरिएको छ । गाउँशहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहराले भने, 'दुई वर्षभित्र सक्ने गरी पुरातत्त्व विभागका कर्मचारीसँग मौखिक रूपमा सम्झौता भए पनि तेस्रो वर्षमा पनि काम सम्पन्न भएन । अझै काम अधुरै रहँदा स्थानीय चिन्तित छन्, यहाँ विभिन्न चाडपर्वमा आउने दर्शनार्थी तथा पर्यटकलाई अलपत्र रहेका ढुंगाकाठले असहज बनाउने गरेको छ ।'

स्थानीयले पित्तल वा तामाको छाना राख्न आग्रह गरेको उनको भनाइ छ । वडा नं ३ का अध्यक्ष चित्रबहादुर दनईले भने, 'यत्तिका वर्षमा पनि निर्माण सम्पन्न भएन, यस वर्ष सम्पन्न हुनुपर्ने हो, तर भएन । हामीले सम्बन्धित निकायसमक्ष चाँडो निर्माण सम्पन्न गर्न पहल गर्दै आएका छौं, तर सुनुवाइ नहुँदा यस वर्ष पनि कम बजेटले गर्दा निर्माण पूरा भएन ।' स्थानीय सुरेश श्रेष्ठले सरकारले यस्ता ऐतिहासिक दरबारको निर्माणका लागि एकैपटक आवश्यक बजेट उपलब्ध गराएर निर्माण गर्नुपर्ने उल्लेख गर्दै पटकपटक थोरै बजेट आएकाले निर्माण अधुरै रहँदै आएको बताए । *रासस*



तस्वीर : रासस

**मकवानपुरको थाहा नगरपालिका–१ स्थित कुन्छाल गाउँ । गोपाली समुदायको बसोबास रहेको यस गाउँमा पर्यटकका लागि घरबासको पनि व्यवस्था छ ।**

# कतारमा नबिल बैंकको 'घर त नेपाल' कार्यक्रम

काठमाडौं (अस) । नबिल बैंकले कतारमा रहेका नेपाली श्रमिकलाई लक्षित गरी सुरक्षित बैंकिङ कारोबारसम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । 'घर त नेपाल' शीर्षकको उक्त कार्यक्रममा एक सयभन्दा बढी नेपाली आप्रवासी श्रमिकको सहभागिता थियो ।

नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड र नबिल स्टक डिलर लिमिटेडको समन्वयमा आयोजित कार्यक्रममा बैंकका विभिन्न विभागका प्रतिनिधिले रेमिट्यान्स, निक्षेप, डिजिटल बैंकिङ, कर्जा तथा लगानीका साथै वित्तीय सचेतना, वित्तीय सेवाको उपयोग, बचत र लगानीका सम्बन्धमा अन्तरक्रियात्मक छलफल गरेका थिए । कार्यक्रममा विदेशबाट फर्किएका नेपाली कामदारको उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले ल्याइएको 'नबिल दक्ष प्रवासी उद्यमशील कर्जा' को बारेमा जानकारी दिइएको थियो ।

त्यस अवसरमा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलले औपचारिक माध्यमबाट रकम नेपाल पठाउँदा नेपालको समग्र अर्थतन्त्रलाई फाइदा पुग्ने भएकाले



पैसा पठाउँदा औपचारिक माध्यमको प्रयोग गर्न आग्रह गरे । उनले भने, 'यसले तपाईंहरूको मेहनतको सही संरक्षण गर्ने मात्र होइन, नेपालकै आर्थिक स्थायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।'

बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले नेपाल र कतार दुवै देशको अर्थतन्त्रको विकासमा नेपाली श्रमिकहरूको महत्त्वपूर्ण योगदान रहेकामा जोड दिए । कतारको मोबाइल प्रयोग गरी अनलाइनमार्फत बैंकमा खाता खोल्न, कर्जाका लागि आवेदन दिन तथा बैंकअन्तर्गतका अन्य कम्पनीमार्फत एसआईपी, म्युचुअल फण्ड र शेयर बजारमा लगानी गर्न सकिने उनको भनाइ थियो ।

बैंकका नायब महाप्रबन्धक आदर्श बजगाईंले नबिल बैंकको उद्देश्य विदेशमा श्रम गरिरहेका नेपालीको मेहनतको उचित सदुपयोग गर्दै आर्थिक सुरक्षालाई सुनिश्चित गर्ने वित्तीय उपकरणहरू उपलब्ध गराउनु रहेको बताए । गैरआवासीय नेपाली संघ (एनआरएनए), कतारका अध्यक्ष रमेश भट्टले वित्तीय सचेतनाले सचेत वित्तीय निर्णय गर्दै बैंकिङ सेवा सही रूपमा उपयोग गरेर रेमिट्यान्सलाई दिगो लगानीमा रूपान्तरण गर्न सघाउने बताए ।

नबिल बैंकले लामो समयदेखि कतारमा रहेका नेपाली श्रमिकलाई नेपालमा पैसा पठाउनका लागि सेवा प्रवाह गर्दै आएको छ । कतारबाट श्रमिकले पठाएको पैसा नेपालका कुनै पनि बैंक खातामा तुरुन्तै जम्मा गर्न सकिने र विभिन्न स्थानमा रहेका २० हजारभन्दा बढी नबिल रेमिटका एजेन्टबाट सहजै प्राप्त गर्न सकिने बताइएको छ । बैंकले रेमिट्यान्स पठाउने ग्राहकका लागि विशेष बचत खाता, डिजिटल बैंकिङ सुविधा तथा सरल ऋण सेवा प्रवाह गरिरहेको बताइएको छ ।

# बजेट ३६० सफ्टवेयर प्रयोग गर्दै ग्लोबल आइएमई बैंक

काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले इन्फोडेभलपर्स प्राइभेट लिमिटेडले विकास गरेको बजेट सूचना व्यवस्थापन प्रणाली 'बजेट ३६०' प्रयोगमा ल्याउने भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र इन्फोडेभलपर्सका निर्देशक उमेश रघुवंशीले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् ।

उक्त सफ्टवेयरले बैंकको बजेट तथा योजना तर्जुमाको लागि क्षमता अभिवृद्धि गरी स्रोत परिचालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकिङ इकोसिस्टममा बजेट ३६० को प्रयोगले बैंकको बजेट र योजना क्षमतामा वृद्धि हुनुका साथै स्रोतहरूको उपयुक्त परिचालन सुनिश्चित



गर्न, बैंकको वित्तीय उद्देश्य पूरा गर्न र वित्तीय व्यवस्थापनमा प्रभावकारी निर्णय लिन मद्दत पुऱ्याउने साथै समग्र बैंकको दिगो विकासमा योगदान पुऱ्याउन मद्दत गर्ने विश्वास व्यक्त गरे ।

इन्फोडेभलपर्सका निर्देशक रघुवंशीले यस सफ्टवेयरले बैंकको वित्तीय योजनाको कार्यलाई सरल बनाउन र डेटा-आधारित निर्णय लिन सहयोग पुऱ्याउने समेत जानकारी दिए । 'बजेट ३६०' स्वचालित रूपमा वित्तीय व्यवस्थापन गर्ने एक आधुनिक वित्तीय व्यवस्थापन प्रणाली रहेको बताइएको छ । यो सफ्टवेयर स्वचालित लक्ष्य निर्धारण, रियल-टाइम रिपोर्टिङ, निरन्तर ट्र्याकिङ लगायतको सुविधा जडित प्रणाली भएको बताइएको छ ।

उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, सहायक प्रमुख कार्यकारी अधिकृत चन्द्रराज शर्मा र इन्फोडेभलपर्सका कर्पोरेट म्यानेजर सुवास पौडेलको उपस्थिति थियो ।

## फुडमाण्डु वानमार्ट ललितपुरमा

काठमाडौं (अस) । फुड डेलिभरी कम्पनी फुडमाण्डुको ग्रोसरी डेलिभरी सेवा फुडमाण्डु वानमार्टले अब ललितपुरमा पनि आफ्नो सेवा विस्तार गरेको छ । यसले उक्त क्षेत्रका ग्राहकको दैनिक आवश्यक सामानको किनमेल थप सहज हुने अपेक्षा गरिएको छ ।

शुरूमा वानमार्टको सेवा गैरीधाराको ३ किलोमिटर क्षेत्रभित्र सीमित थियो । अब ललितपुरको सानेपाबाट ४ किलोमिटरको क्षेत्रमा यो सेवा फैलिएको र यसबाट जावलाखेल, लगनखेल, सातदोबाटो, इमाडोल, सानेपा, धोबीघाट, भैंसेपाटी, नख्खु र बालकुमारी क्षेत्र समट्ने बताइएको छ ।

फुडमाण्डुका संस्थापक तथा प्रबन्ध निर्देशक मनोहर अधिकारीले सेवा विस्तारसँगै वानमार्टले गुणस्तरीय सामानको तुरुन्त डेलिभरीका साथ साथै झन्झटमुक्त किनमेलको अनुभव प्रदान गर्दै ग्राहक सन्तुष्टि सुनिश्चित गर्ने लक्ष्य राखेका बताए । कम्पनीले आगामी दिनमा अन्य धेरै क्षेत्रमा सेवा विस्तार गर्दै अनलाइन ग्रोसरी किनमेलको बढ्दो मागलाई पूरा गर्ने योजना बनाएको बताइएको छ ।

# विभिन्न खेल आयोजनाका लागि चेम्बर अफ कमर्सको सहकार्य



काठमाडौं (अस) । नेपाल चेम्बर अफ कमर्सले विभिन्न खेलकुद र सोसँग सम्बन्धित सामग्रीको प्रर्दशनी आयोजनाका लागि विभिन्न संस्थासँग सहकार्यको सम्झौता गरेको छ । चेम्बरको शिक्षा एवं खेलकुद समितिले नेपाल खेलकुद पत्रकार मञ्च, माइस इन्टरनेशनल सर्भिस प्रालि, नेपाल स्पोर्टस एण्ड फिटनेश इन्डस्ट्री तथा नेपाल स्पोर्ट्स एशोसिएसनसँग सहकार्यका लागि सम्झौता गरेको हो ।

नेपाल स्पोर्ट्स कन्क्लेभ २०२५, नेपाल दोस्रो स्पोर्ट्स एण्ड फिटनेस एक्स्पो २०२५ एवं पाँचौं स्पोर्ट्स च्याम्पियनसिप एण्ड एक्स्पोका लागि सहकार्यको सम्झौता गरिएको चेम्बरले जानकारी दिएको छ ।

सम्झौतामा चेम्बरको शिक्षा एवं खेलकुद समितिका सभापति रुपक राजवंशी, नेपाल स्पोर्ट्स एण्ड फिटनेश इन्डस्ट्रीका अध्यक्ष सुरज डंगोल, नेपाल खेलकुद पत्रकार मञ्चका केन्द्रीय सदस्य निरन्जन राजवंशी र माइस इन्टरनेशनलका निर्देशक दिपक थापाले हस्ताक्षर गरेका छन् । हस्ताक्षर कार्यक्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल र वरिष्ठ उपाध्यक्ष दिपक मल्होत्राको सहभागिता थियो ।

चेम्बर र खेलकुदका विभिन्न निकायबीच भएको सम्झौताले नेपालमा खेल क्षेत्रको विकास, अवसरको सृर्जना एवं नीतिगत तवरमा सहकार्य हुने विश्वास गरिएको छ । दोस्रो नेपाल स्पोर्ट्स कन्क्लेभमा समूहगत छलफल, कार्यपत्र प्रस्तुति लगायतका कार्यका लागि चम्बरले सहकार्य गर्ने बताइएको छ । यस्तै चेम्बरसँगको सहकार्यमा पाँचौं स्पोर्ट्स च्याम्पियनसिपको समेत आयोजनाको तयारी भएको बताइएको छ । सम्झौता तीन वर्षका लागि कायम रहने बताइएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**एयरटेक ईण्डष्ट्रिज प्रा.लि** द्वारा बिक्रि वितरण गरिदै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा विक्रि मूल्य **(MRP)** सर्वसधारणलाई जानकारीको निमित यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताको नाम, ठेगाना | स्थायी लेखा नम्बर | सामानको नाम | ब्राण्ड | मोडेल | क्षमता | अधिकतम खुद्रा विक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | **Airtech Industries Pvt. Ltd. Thapathali, Kathmandu.** | **500177714** | Air Condtioners | Mitsubishi Electric | MSZ-HJ50VA-E2 | 1.5TR-IND | 62,000.00 | |
| 2 | | | | | MUZ-HJ50VA-E2 | 1.5TR-ODU | 93,000.00 | |
| 3 | | | | | MSZ-HJ60VA-E2 | 2.0TR-IND | 77,000.00 | |
| 4 | | | | | MUZ-HJ60VA-E2 | 2.0TR-ODU | 116,000.00 | |
| 5 | | | | | PUMY-P175YKM3-PA.TH | 7HP | 552,000.00 | |
| 6 | | | | | PEFY-80VMAL-E4.TH | 2.5TR | 130,000.00 | |

**Note:** The above prices are inclusive of 13% VAT.

**Airtech Industries Pvt. Ltd.**
First Floor, Sharda Complex, Panchayan Marg
Thapathali, Kathmandu, Nepal Tel: 977-1-5319999

Coca-Cola

## बोटलर्स नेपाल (तराई) लिमिटेड (BNTL) को आर्थिक वर्ष २०८०/८१ को नगद लाभांश वितरणसम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०९/२६ मा बसेको ३८ औं साधारण सभाले स्वीकृत गरे बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको चुक्ता पूँजीको ५० प्रतिशतले हुन आउने नगद लाभांश शेयरधनीहरुको हितग्राही खातामा अद्यावधिक भएको बैंक खातामा २०८१ साल माघ ६ गते आईतबार देखि IPS मार्फत जम्मा गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

आफ्नो बैंक विवरण अद्यावधिक गर्न/गराउन बाँकी रहनुभएका योग्य शेयरधनीहरुको लाभांश रकम हितग्राही खातामा बैंक खाता सम्बन्धी विवरण अद्यावधिक गराए पश्चात् मात्र क्रमैसँग जम्मा गर्ने व्यवस्था मिलाइएको छ । लाभांश रकम शेयरधनीहरुको बैंक खातामा IPS मार्फत जम्मा गर्दा लाग्ने बैंक शुल्क सम्बन्धित शेयरधनी स्वयंले व्यहोर्नु पर्ने समेत जानकारी गराउँदछौं ।

शेयर धितोमा राख्नुभएका शेयरधनी महानुभावहरुले लाभांश रकम प्राप्त गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाको No Objection Letter वा फुकुवा-पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

साथै, लाभांश रकममा प्रचलित आय कर ऐन बमोजिम श्रोतमा कर कट्टी हुने र श्रोतमा कट्टी गरिएको करको विवरण दाखिला गर्दा भुक्तानी प्राप्त गर्ने व्यक्तिको स्थायी लेखा नम्बर (PAN) उल्लेख गर्नुपर्ने भएकोले सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरुमा यथाशिघ्र आ-आफ्नो हितग्राही खातामा आफ्नो स्थायी लेखा नम्बर (PAN) तथा आफ्नो स्थायी ठेगाना र सम्पर्क विवरण समेत अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८१/१०/२३ को आर्थिक अभियान राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः गल्छी हार्डवेयर** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा, चालुपुजी कर्जा, डिमाण्ड कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास सिमित शाखा कार्यालय, धादिङमा दर्ता रहेको), दर्ता नं.: ३३४१/०७३/०७४, दर्ता मितिः २०७४/०१/१५, स्थायी लेखा नं.: ६०६०९३९३८, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ७।

**प्रोप्राईटरः**
**सन्तोष नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१/२७६९१ (२०६६/०३/०४/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. शर्मिला लामिछानेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २५-०१-७४-००२०४ (२०७४/०१/१०/नुवाकोट), बाबुको नामः कृष्ण प्रसाद लामिछाने, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः सन्तोष नेपाल, ठेगानाः नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ५ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ख. जगन्नाथ नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९५०-०३३/३४ (२०३४/०२/१२/धादिङ्ग), बाजेको नामः लक्ष्मी कान्त नेपाल, बाबुको नामः छविलाल नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ग. तिर्थ कुमारी नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५.टो/६७६९-०४४/४५ (२०४५/०१/२५/धादिङ्ग), बाबुको नामः कमलीकान्त नेपाल, ससुराको नामः छविलाल नेपाल, पतिको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**घ. किरण नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६२/६७२७ (२०६०/०९/११/धादिङ्ग), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ङ. उषा रिमाल (नेपाल)ः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/४४८३८ (२०६८/०१/२२/धादिङ), बाबुको नामः शिव प्रसाद रिमाल, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः किरण नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**२. ऋणीको नामः सन्तोष नेपाल** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१/२७६९१ (२०६६/०३/०४/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. शर्मिला लामिछानेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २५-०१-७४-००२०४ (२०७४/०१/१०/नुवाकोट), बाबुको नामः कृष्ण प्रसाद लामिछाने, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः सन्तोष नेपाल, ठेगानाः नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ५ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ख. जगन्नाथ नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९५०-०३३/३४ (२०३४/०२/१२/धादिङ्ग), बाजेको नामः लक्ष्मी कान्त नेपाल, बाबुको नामः छविलाल नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ग. तिर्थ कुमारी नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५.टो/६७६९-०४४/४५ (२०४५/०१/२५/धादिङ्ग), बाबुको नामः कमलीकान्त नेपाल, ससुराको नामः छविलाल नेपाल, पतिको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**घ. किरण नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६२/६७२७ (२०६०/०९/११/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**३. ऋणीको नामः शर्मिला लामिछाने** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): २५-०१-७४-००२०४ (२०७४/०१/१०/नुवाकोट), बाबुको नामः कृष्ण प्रसाद लामिछाने, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः सन्तोष नेपाल, ठेगानाः नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ५ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सन्तोष नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१/२७६९१ (२०६६/०३/०४/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामःजगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ख. जगन्नाथ नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९५०-०३३/३४ (२०३४/०२/१२/धादिङ्ग), बाजेको नामः लक्ष्मी कान्त नेपाल, बाबुको नामः छविलाल नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ग. तिर्थ कुमारी नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५.टो/६७६९-०४४/४५ (२०४५/०१/२५/धादिङ्ग), बाबुको नामः कमलीकान्त नेपाल, ससुराको नामः छविलाल नेपाल, पतिको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**माथि उल्लेखित तिननै ऋणीहरूका लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
लक्ष्मी कान्त नेपालको नाती, छविलाल नेपालको छोरा, धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ बस्ने **जगन्नाथ नेपाल**को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २/घ स्थित कि.नं. १६५ र ३४४ को क्षेत्रफल क्रमशः २-१०-१-१ र २-१-०-२ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः न्यु गोसाइकुण्ड सप्लायर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, प्रदेश नं. ३, घरेलु तथा साना उद्योग विकास समिति, धादिङ, प्रदेश नं. ३, धादिङबेसी, धादिङमा दर्ता रहेको), दर्ता नं.: ६५६८०/०६०/०६१, दर्ता मितिः २०६१/०१/०७, स्थायी लेखा नं.: ३०१६६३४१२, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. ७।

**प्रोप्राईटरः**
**किरण नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६२/६७२७ (२०६०/०९/११/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सन्तोष नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१/२७६९१ (२०६६/०३/०४/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ख. शर्मिला लामिछानेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २५-०१-७४-००२०४ (२०७४/०१/१०/नुवाकोट), बाबुको नामः कृष्ण प्रसाद लामिछाने, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः सन्तोष नेपाल, ठेगानाः नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ५ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ग. जगन्नाथ नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९५०-०३३/३४ (२०३४/०२/१२/धादिङ्ग), बाजेको नामः लक्ष्मी कान्त नेपाल, बाबुको नामः छविलाल नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**घ. तिर्थ कुमारी नेपालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५.टो/६७६९-०४४/४५ (२०४५/०१/२५/धादिङ्ग), बाबुको नामः कमलीकान्त नेपाल, ससुराको नामः छविलाल नेपाल, पतिको नामः जगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।
**ङ. उषा रिमाल (नेपाल)ः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/४४८३८ (२०६८/०१/२२/धादिङ), बाबुको नामः शिव प्रसाद रिमाल, ससुराको नामः जगन्नाथ नेपाल, पतिको नामः किरण नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
**क.** छविलाल नेपालको नाती, जगन्नाथ नेपालको छोरा, धादिङ जिल्ला, कल्लेरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भइ हाल धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ बस्ने **किरण नेपाल**को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, कल्लेरी गा.वि.स./न.पा., वडा नं. २/क स्थित कि.नं. ५६० र ५६२ को क्षेत्रफल क्रमशः ०-२-२-३ र ०-७-१-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** शिव प्रसाद रिमालको छोरी, जगन्नाथ नेपालको बुहारी, किरण नेपालको पत्नी, धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ बस्ने **उषा रिमाल (नेपाल)** को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, कल्लेरी गा.वि.स./न.पा., वडा नं. २/घ स्थित कि.नं. ४७५ को क्षेत्रफल ०-८-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः सन्तोष नेपाल** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१/२७६९१ (२०६६/०३/०४/धादिङ), बाजेको नामः छविलाल नेपाल, बाबुको नामःजगन्नाथ नेपाल, ठेगानाः धादिङ जिल्ला, गल्छी गा.पा., वडा नं. १ ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

मन्दीको मुख्य कारण मागको अभाव हो ।
**- बेन बर्नान्की**

सम्पादकीय

# ब्यान्डविथ आयातमा विविधीकरण

**आइतवार बेलुका नेपालका अत्यधिक इन्टरनेट अकस्मात् बन्द भए । किन बन्द भयो भन्ने कुरा इन्टरनेट सेवा प्रदायकले सही सूचना पनि दिएनन् । सूचना नदिएको मात्र होइन दुई फरक फरक कुरा पनि समाचारमा आए । कहीं पनि इन्टरनेट सञ्चालन नहुँदा त्यसको आर्थिक क्षति कति भयो भन्ने अध्ययन भएको छैन न त त्यसबाट परेको असरबारे नै चर्चा भयो । तर, यसले एउटा गम्भीर प्रश्न उठाएको छ : कथंकदाचित् भारतले नेपाल आउने इन्टरनेट बन्द गरिदियो भने के होला ?**

**आइतवार इन्टरनेट बन्द हुनुमा फरक फरक दाबी छ । नेपाल टेलिकमका अनुसार एयरटेल लिमिटेडको उत्तर प्रदेशस्थित फरेन्दार कोल्हुहीबजार क्षेत्रका २ स्थानमा अप्टिकल फाइबर तार चुँडिन गई नेटवर्कमा समस्या उत्पन्न भएको हो । नेपाल टेलिकमको सेवा मात्र होइन, सबैजसो इन्टरनेट सेवा प्रदायकहरूको सेवा अवरुद्ध भएको थियो ।**

**कतिपय इन्टरनेट सेवा प्रदायकहरूको संस्थाले भने भारतलाई ब्रोडब्यान्ड खरीद वापतको भुक्तानी नदिँदा एयरटेलले इन्टरनेट बन्द गरिदिएको हुनसक्ने पनि बताएका छन् । रोयल्टी र ग्रामीण दूरसञ्चार सेवा शुल्क नतिरेको कारण सरकारले विदेशी मुद्रा सटही सुविधा नदिँदा उनीहरूले भारतीय कम्पनीहरूलाई भुक्तानी गर्न नसकेका हुन् । एयरटेल लिमिटेडले मात्र नेपालका सबै इन्टरनेट सेवाप्रदायकलाई ६० देखि ७० प्रतिशत ब्यान्डविथ उपलब्ध गराउने गरेको सेवाप्रदायकहरू बताउँछन् । भारतका अन्य कम्पनीहरू जस्तै टाटा स्काईबाट पनि नेपाली इन्टरनेट सेवा प्रदायकहरूले ब्यान्डविथ खरिद गर्छन् । यसरी हेर्दा मूलत? नेपाल भारतीय कम्पनीहरू र त्यसमा पनि एअरटेलमा बढी निर्भर रहेको स्पष्ट छ ।**

**कुनै विवादका कारण भारतले इन्टरनेट सेवा रोकिदियो भने के होला ? सूचना प्रविधि अहिलेको विश्वमा निकै ठूलो हतियार हो । यो हतियार जतिबेला पनि प्रयोग हुन सक्छ । तर, नेपाल**

**इन्टरनेट अहिलेको समयमा नाना र खानाजत्तिकै महत्त्वपूर्ण बनिसकेको छ । यो विना दैनन्दिन जीवन चल्न नसक्ने अवस्था आइसकेको छ भने व्यापार व्यवसायदेखि उपचारसम्म इन्टरनेट अनिवार्य भइसकेको छ । त्यसैले यो रणनीतिक हतियार बन्न सक्छ ।**

**अहिले करीब करीब ब्यान्डविथका लागि भारतसँग पूरा निर्भर छ । त्यसको यसको विकल्प खोज्नु पर्छ ।**

**विगतमा सरकारले विकल्प खोज्ने प्रयास नगरेको होइन । नेपाल टेलिकमले २०७४ पुस २८ गते चीनबाट व्यावसायिक रूपमा ब्यान्डविथ आयात शुरू गरेको थियो । त्यसअघि भारतमा मात्र निर्भर ब्यान्डविथ आयातको विकल्प खोज्दै रसुवाको केरुङ नाका हुँदै चीनसँग इन्टरनेटमार्फत नेपाल जोडिएको थियो । चीनबाट ब्यान्डविथ आयात गर्दा भारतबाट ल्याइएको भन्दा तुलनात्मक रूपमा बढी गतिसहितको हुने बताइएको थियो । तर, चीनबाट ब्यान्डविथ आयातको परिमाण बढाउन पहल भएको देखिँदैन । जमीनबाट ब्यान्डविथ लिनेबाहेक अहिले सोझै स्याटेलाइटबाट पनि इन्टरनेट प्राप्त हुन सक्छ । नेपालमा स्टारलिंकले स्याटेलाइटबाट इन्टरनेट सेवा दिने मनसाय देखाइरहेको समाचार आएको छ । यसमा पनि आवश्यक अध्ययन गरेर यसलाई स्वीकृति दिन सकिन्छ । प्रधानमन्त्री केपी शर्मा ओली र स्टारलिंकमा मालिक एलन मस्कबीच हालै भिडियो संवाद पनि भएको थियो ।**

**ब्यान्डविथको मूल्य प्रविधिको गुणस्तरमा भर पर्ने भएकाले एकीकृत मूल्य नहुने भएपनि प्रतिस्पर्धी बन्ने हुनाले चीन र भारत र सम्भव भए अन्य देशबाट पनि ब्यान्डविथ लिनुपर्छ । त्यस्तै अन्य प्रविधिबाट पनि इन्टरनेट सुचारु गराउन सरकार तयार हुनुपर्छ । विभिन्न स्रोतबाट ब्यान्डविथ ल्याउन सकिए मूल्यमा प्रतिस्पर्धा त हुन्छ नै साथै यसले कुनै एक देशको निर्भरता अन्त्य गर्छ । चीनका सेवाप्रदायकबाट पनि ब्यान्डविथ ल्याएपछि मूल्य घट्न सक्छ र त्यसबाट उपभोक्ताले पनि लाभ पाउन सक्छन् ।**

**इन्टरनेट अहिलेको समयमा नाना र खानाजत्तिकै महत्त्वपूर्ण बनिसकेको छ । यो विना दैनन्दिन जीवन चल्न नसक्ने अवस्था आइसकेको छ भने व्यापार व्यवसायदेखि उपचारसम्म इन्टरनेट अनिवार्य भइसकेको छ । त्यसैले यो रणनीतिक हतियार बन्न सक्छ । । अहिलेको डिजिटल युगमा इन्टरनेट र डेटा राष्ट्रिय सुरक्षाको लागि महत्त्वपूर्ण छ । त्यसैले यसमा जोखिम विविधीकरण अत्यावश्यक छ ।**

# प्रबन्ध सञ्चालकको अवधारणा

## कस्ता व्यक्ति प्रबन्ध सञ्चालक बन्न सक्छन् ?



**परदायित्व भनेको अरूले गरेको कामको दायित्व वहन हो । उदाहरणका लागि नोकरले गरेको कामको दायित्व मालिकले लिनुपर्छ किनभने यहाँ काम लगाउने मालिक हुन्छ । तर, सधैं यस्तो दायित्व वहन गर्नुपर्दैन ।**

**- ज्योति दाहाल**

कुनै पनि निकायमा एकजना प्रशासकीय प्रमुख हुन्छन् । यस्तो पदलाई कार्यकारी अध्यक्ष, प्रबन्ध सञ्चालक, प्रबन्ध निर्देशक, कार्यकारी सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक जस्ता विभिन्न नामले सम्बोधन गरिन्छ । निकायले तोकेको योग्यता र अनुभव पुगेको जोसुकै व्यक्ति प्रमुख कार्यकारी अधिकृत र महाप्रबन्धक नियुक्त हुनसक्छन् । यी दुई पदबाहेक अन्य पदमा जो पायो त्यही व्यक्ति नियुक्त हुन सक्दैनन् । जोसुकै व्यक्ति प्रशासकीय प्रमुख भए पनि तिनको उद्देश्य संस्थागत संस्कार (कर्पोरेट कल्चर) विकास गर्दै दीर्घकालीन रणनीतिक योजना निर्माण एवम् प्रभावकारी कार्यान्वयन गरी निकायको सफल व्यवस्थापन गर्नु हो । यस आलेखमा विशेष गरी प्रशासकीय प्रमुखको रूपमा आसीन हुने 'प्रबन्ध सञ्चालक' को अवधारणा र न्यायिक निकायले के कसरी व्याख्या गरेका छन् भन्ने विषयमा चर्चा गरिन्छ ।

### प्रबन्ध सञ्चालकको कानून

प्रबन्ध सञ्चालकलाई 'प्रबन्ध निर्देशक' पनि भनिन्छ । यी दुवै पदलाई अङ्ग्रेजी भाषामा 'म्यानेजिङ डाइरेक्टर' र छोटकरीमा 'एमडी' भनिन्छ । कम्पनी ऐन, २०६३ को दफा २ (र) मा 'प्रबन्ध सञ्चालक' भन्नाले कम्पनीको प्रबन्ध सञ्चालक सम्झनुपर्छ भनेको छ । ऐनको दफा २०(१)(ज) मा प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्त गर्न बनाइएको नियमावलीमा प्रबन्ध सञ्चालकको अधिकार र कर्तव्य उल्लेख गर्नुपर्छ । ऐनको दफा ९६(१) मा कम्पनीको नियमावलीको अधीनमा रही सञ्चालकले आफूमध्येबाट एकजनालाई प्रबन्ध सञ्चालक नियुक्त गर्न सक्छन् भनिएको छ । प्रबन्ध सञ्चालक हुनको लागि 'सञ्चालक' हुनुपर्छ र 'सञ्चालक' हुनको लागि 'शेयरधनी' हुनुपर्छ । शेयर नभएका व्यक्ति सञ्चालक हुन सक्दैन । अपवादको रूपमा शेयर नभएको व्यक्ति स्वतन्त्र सञ्चालक हुनसक्छन् । स्वतन्त्र सञ्चालक पनि प्रबन्ध सञ्चालक हुन सक्छन् । तर, सामान्यतया शेयरधनी सञ्चालक नै प्रबन्ध सञ्चालक बन्न वा हुन सक्छन् ।

प्राइभेट कम्पनीमा स्वतन्त्र सञ्चालकको प्रावधान नभएकाले यस्ता कम्पनीमा स्वतन्त्र सञ्चालकले प्रबन्ध सञ्चालक बन्न अवसर पाउने कुरै हुन्न । पब्लिक कम्पनी खासगरी सूचीकृत पब्लिक कम्पनीमा अनिवार्य रूपमा स्वतन्त्र सञ्चालक नियुक्त गरिए पनि यस्ता सञ्चालकले प्रबन्ध सञ्चालक हुने अवसर पाउने सम्भावना कम हुन्छ । स्वतन्त्र सञ्चालक अध्यक्ष हुन सक्ने सम्भावना हुन्छ । कम्पनीका सबै सञ्चालकको काम, कर्तव्य, अधिकार र सेवासुविधा समान भए पनि स्वतन्त्र सञ्चालकको भूमिका तुलनात्मक रूपमा तटस्थ हुने कारणले यस्ता सञ्चालक अध्यक्ष हुन सक्ने सम्भावना हुन्छ । नेपालमा सूचीकृत केही कम्पनी (बैंक) ले स्वतन्त्र सञ्चालकलाई अध्यक्ष बनाउने अभ्यास गरिरहेका छन् ।

नेपालका सूचीकृत कम्पनीमा अपवादबाहेक सञ्चालक गैरकार्यकारी भूमिकामा हुन्छन् । यिनले कम्पनीको दैनिक प्रशासकीय कामकाज गर्दैनन् । यी सञ्चालक समितिको बैठकमा मात्र उपस्थित हुन्छन् । प्रशासकीय प्रमुखको भूमिकामा गैरसञ्चालक (सञ्चालकबाहेकका व्यक्ति) नियुक्त हुन्छन् । तर, प्राइभेट कम्पनीमा अपवादबाहेक प्रशासकीय प्रमुखको भूमिकामा सञ्चालक नै हुन्छन् । प्रबन्ध सञ्चालकको काम, कर्तव्य र अधिकार नियमावलीमा लेखिएबमोजिम वा सञ्चालक समितिले तोकेबमोजिम हुन्छ । कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ताबाहेक नियमित पारिश्रमिक वा सुविधा प्राप्त गरिरहेको सञ्चालकलाई नियमित पारिश्रमिक वा सुविधा पाउने गरी अर्को सूचीकृत कम्पनीमा प्रबन्ध सञ्चालकको पदमा नियुक्त गर्न नसकिने व्यवस्था छ ।

निकायको प्रशासकीय प्रमुखको रूपमा नियुक्त हुने प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धकले भन्दा बढी जिम्मेवारी प्रबन्ध सञ्चालकले लिनुपर्छ । प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धक प्रशासकीय प्रमुखको रूपमा मात्र बढी जिम्मेवार हुन्छन् भने प्रबन्ध सञ्चालक बोर्डको पनि सदस्य भएकाले दुवै भूमिका निर्वाह गर्नुपर्छ । प्रशासकीय प्रमुखको भूमिकामा रहने प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध सञ्चालक कम्पनी वा निकायको उद्देश्य प्राप्त गर्न रणनीतिक योजना बनाउने, त्यसलाई कार्यान्वयन गराउने र कर्मचारी व्यवस्थापनमार्फत नेतृत्व दिने व्यक्ति हो । प्रशासकीय प्रमुख हितग्राहीलाई उच्चतम प्रतिफल दिन दीर्घकालीन नीति निर्माण गरेर समुचित वित्तीय व्यवस्थापन, जोखिम न्यूनीकरण र दिगो विकासका लागि आवश्यक निर्णय लिन्छन् । साथै निकायलाई स्थायित्व र प्रगतिको दिशामा अघि बढाउन नेतृत्व गर्छन् । प्रशासकीय नेतृत्वमा रहँदा अनेकौं झमेलाको सामनासमेत गर्नुपर्छ । परिलक्ष्यित गरिएका दिशामा अघि बढ्दा आउने व्यावहारिक कठिनाइ र कानूनी उल्झनसमेतको सामना गर्नुपर्छ ।

### प्रबन्ध सञ्चालकको कानूनी अस्तित्व

कम्पनी ऐनले कुनै पनि कम्पनीमा बढीमा ११ जनासम्म सञ्चालक रहन सक्ने व्यवस्था गरेको छ । प्राइभेट कम्पनी एकजना व्यक्तिले पनि दर्ता गर्नसक्छन् । यस्ता कम्पनीमा सञ्चालक भने पनि शेयरधनी भने पनि एकै व्यक्ति हुन्छन् । यस्ता कम्पनीमा सिर्जना हुने सम्पूर्ण दायित्व एकै व्यक्तिले वहन गर्नुपर्छ । कम्पनी र शेयरधनीको फरक अस्तित्व हुन्छ भने पनि एक व्यक्तिले खडा गरेको कम्पनीको कहिलेकाहीँ कम्पनीको आवरण उतारेर हेरिन्छ । यस्तो बेलामा कम्पनी र शेयरधनीको अलग अस्तित्व स्वीकार गरिन्न । एकल शेयरधनी भएको कम्पनी मात्र हैन, बहुल शेयरधनी भएको कम्पनीको पनि कम्पनी र शेयरधनीको स्वतन्त्र अस्तित्वलाई अस्वीकार गरिएका थुप्रै मुद्दा छन् । एकल शेयरधनी भएको कम्पनीको आवरण हटाउने विषयमा डिनश मानेकजी पेटिट (१९२७) को मुद्दा निकै चर्चित छ । डिनशले आफू मात्र शेयरधनी भएको चारवटा कम्पनी खडा गरेका थिए । कर प्रशासनले करसम्बन्धी छानबिन गर्दा कम्पनीमार्फत गरेको लगानीबाट प्राप्त लाभांश रकम कम्पनीसँग डिनशले ऋण लिएका थिए । तर, उनले कम्पनीको ऋण कहिल्यै तिरेनन् । यसरी उनले कम्पनीबाट लाभांशको रूपमा रकम लिनुपर्नेमा सो नगरी ऋणको रूपमा लिएर कर छली गरेका थिए । कर छल्ने प्रयोजनको लागि मात्र डिनशले कम्पनी खडा गरेकाले यहाँ कम्पनीको स्वतन्त्र अस्तिव स्वीकार गरिएन । कम्पनीमा तोकिएको सीमाभित्र रहेका सबै शेयरधनी कम्पनीको दैनिक प्रशासनमा प्रत्यक्ष रूपमा संलग्न हुँदैनन् । सबै सञ्चालकलाई पुग्ने जिम्मेवारी पनि नहुने हुँदा त्यसमध्ये कुनै एक सञ्चालकलाई कम्पनीको दैनिक प्रशासकीय काम गर्नको लागि सञ्चालक समितिले अख्तियारी दिन्छ । अन्य सञ्चालक बैठक र साधारणसभामा मात्र उपस्थित हुन्छन् । यस्तो अवस्थामा कुनै पनि दायित्वको भागिदार दैनिक प्रशासकीय कार्य गर्न अख्तियार पाएको सञ्चालक मात्र हुन्छ ।

**प्रशासकीय प्रमुखको रूपमा आसीन कार्यकारी अध्यक्षले वहन गर्नुपर्ने दायित्व जिम्मेवारी समान हुन्छ । त्यस्तै, प्रशासकीय प्रमुख पदलाई 'कार्यकारी सञ्चालक' पनि भनिन्छ । कार्यकारी भूमिका निर्वाह गर्ने व्यक्तिले 'यो मेरो दायित्व हो, त्यो मेरो दायित्व हैन' भनेर पन्छिन मिल्दैन । कार्यकारी भूमिकामा रहेपछि समस्त कानूनी दायित्व निर्वाह गर्नुपर्छ ।**

### प्रबन्ध सञ्चालकको परदायित्व

परदायित्व भनेको अरूले गरेको कामको दायित्व वहन हो । उदाहरणका लागि नोकरले गरेको कामको दायित्व मालिकले लिनुपर्छ किनभने यहाँ काम लगाउने मालिक हुन्छ । तर, सधैं यस्तो दायित्व वहन गर्नुपर्दैन । परदायित्व कानूनी, नैतिक, प्रशासनिक, सामाजिकलगायत विभिन्न प्रकारका हुन्छन् । कानूनले तोकेको आधारमा अरूले गरेको कामको जिम्मेवारी लिनुपर्ने अवस्था हुन्छ । कुनै कम्पनीको मुख्य जिम्मेवार भई कार्य गर्ने व्यक्तिले अधीनस्थ कर्मचारीले गरेको कामको जिम्मेवारी लिनुपर्छ । परदायित्व आफ्नो निर्देशन, आदेश वा नियन्त्रणमा राखेर काम गराउँदा लागू हुन्छ । आफ्नै विवेकले गरेको काममा वा नियतवश गल्ती गरेको छ भने त्यस्तो अवस्थामा काम लगाउने व्यक्तिले परदायित्व वहन गर्नुपर्दैन । मुलुकी देवानी संहिता, २०७४ को दफा ५१ मा 'कसैले कानूनी व्यक्तिको तर्फबाट कुनै कामकारबाही गर्दा कसैलाई कुनै किसिमको हानिनोक्सानी पर्न गएमा त्यसको जिम्मेवारी त्यस्तो कानूनी व्यक्तिको हुनेछ र त्यसको क्षतिपूर्ति सम्बन्धित कानूनी व्यक्तिले बेहोर्नुपर्नेछ । तर, कानूनी व्यक्तिको उद्देश्य वा कार्यक्षेत्र बाहिर रही वा बदनियतपूर्वक गरेको कामकारबाहीबाट कसैलाई हानिनोक्सानी हुन गएमा त्यस्तो काम गर्ने सञ्चालक वा व्यक्ति नै व्यक्तिगत रूपमा जिम्मेवार हुनेछ' भनिएको छ । त्यस्तै, मुलुकी अपराध संहिता, २०७४ को दफा ३० मा 'कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस संहिता वा कानूनबमोजिम कसुर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदार र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व बेहोर्नुपर्ने' व्यवस्था छ ।

### अदालती व्याख्यामा प्रबन्ध सञ्चालक

नेपाल सरकारविरुद्ध समुल ग्रुप इन्डष्ट्रिज प्रा.लि. को एउटा मुद्दामा सर्वोच्च अदालतले 'परदायित्व' शब्दको उल्लेख नगरे पनि दैनिक प्रशासकीय कामकारबाहीमा संलग्न हुने व्यक्ति दोषी हुन्छ भनेको छ । यस मुद्दामा प्रबन्ध सञ्चालक दैनिक प्रशासकीय कामकारबाहीमा संलग्न थिए । स्वच्छ पिउने पानी उत्पादन गर्ने उद्देश्य भएको कम्पनीले तोकिएको मापदण्डविपरीत पानी उत्पादन गरेर बिक्री गर्नु कम्पनीको उद्देश्य र कार्यक्षेत्र बाहिरको कार्य हो । यसै आधारमा उक्त कम्पनीका प्रबन्ध सञ्चालकलाई दोषी ठहर गरिएको थियो । अदालतले फैसलामा 'कुनै पनि कम्पनीमा धेरै जना सञ्चालक रहन सक्ने भए तापनि कम्पनीको दैनिक कार्य सञ्चालनमा सबै सञ्चालक मुख्य जिम्मेवार नहुन पनि सक्ने अवस्था स्वाभाविक नै देखिन्छ। कम्पनी सञ्चालनमा जिम्मेवार नरहेका सञ्चालक तथा शेयरधनीलाई कम्पनीमा भएको कसुर वा कम्पनीको उत्पादनमा गुणस्तर कायम नरहेको विषय जानकारी नहुन पनि सक्ने हुँदा कम्पनी सञ्चालक भएकै कारणले मात्र कम्पनीमा भएको कसुरमा जिम्मेवार तुल्याउनु न्यायका दृष्टिसमेतले उचित देखिँदैन' भनेको छ । उक्त कम्पनीका आठ जना सञ्चालकमध्ये एकजना प्रबन्ध सञ्चालकको रूपमा कार्यरत थिए । यस हिसाबले कम्पनीले उत्पादन गर्ने पिउने पानीको उत्पादन र वितरणमा मुख्य जिम्मेवार प्रबन्ध सञ्चालक थिए । अन्य सञ्चालक कम्पनी सञ्चालनमा तथा कम्पनीले उत्पादन गर्ने पिउने पानी उत्पादनमा प्रत्यक्ष रूपमा संलग्न थिएनन् । कम्पनीको सञ्चालक भएकै मात्र कारणले गोश्वारा रूपमा सबै सञ्चालकलाई कसुरमा जिम्मेवार ठहऱ्याउन नहुने ठहर अदालतले गरेको थियो । त्यस्तै, युनिटी लाइफ इन्टरनेशनल लिमिटेडको मुद्दामा कुनै ऐनमा नै कम्पनीको तर्फबाट काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्ति नै व्यक्तिगत रूपमा सजायका भागी हुने भन्ने स्पष्ट व्यवस्था गरिएको अवस्थामा कम्पनीको नाममा काम गर्ने सञ्चालक, कर्मचारी वा व्यक्ति विरुद्ध कारबाही चलाउन पाइने फैसला गरेको थियो ।

शिवकुमार जाटियाविरुद्ध दिल्ली, नेशनल क्यापिटल टेरीटोरी (२०१९) को मुद्दामा भारतको सर्वोच्च अदालतले होटेलको छैठौं तल्लाबाट खसेर एकजना व्यक्तिलाई चोट लागेको घटनामा कम्पनीका प्रबन्ध सञ्चालक शिवकुमार जाटियालगायत कुनै पनि कर्मचारीले जिम्मेवारी वहन गर्नु नपर्ने भन्दै सफाइ दिएको थियो । घटना विवरणअनुसार सन् २०१३ को अक्टोबरमा गौरव ऋषि नामका एक व्यक्ति भारतको दिल्लीस्थित एसियन होटल्स (नर्थ) लिमिटेडद्वारा सञ्चालित होटेल ह्यात रिजेन्सीको छैठौं तलामा रहेको क्लबमा अमेरिकी नागरिक रेबेका र मार्गारिटासँग वाइन खाँदै गर्दा 'धुम्रपान' का लागि टेरेसमा गएका थिए । धुम्रपान गर्ने क्रममा उनी छैठौं तल्लाको टेरेसबाट चौथो तल्लामा खसेका थिए । टेरेसमा बत्तीको व्यवस्था नगर्नु, त्यस्तो स्थल आगन्तुकलाई धुम्रपानका लागि अनुमति दिनु भारतीय दण्ड संहिताअनुसार 'अरूको जीवन वा व्यक्तिगत सुरक्षालाई खतरामा पार्ने कार्य गरेको' आरोप लगाइएको थियो । अदालतले यसलाई होटेल व्यवस्थापनको 'सामान्य प्रशासनिक कमजोरी' को रूपमा ग्रहण गर्दै होटेलका कुनै पनि कर्मचारीमा 'आपराधिक मनसाय' नभएकाले अभियोग खारेज गरेको थियो । यो मुद्दाको शुरुआती सुनवाइ गर्दै दिल्ली हाइकोर्टले होटलका प्रबन्ध निर्देशक शिवकुमार जाटियालगायत विरुद्ध मुद्दा अघि बढाउन आदेश दिएको थियो । तर, सर्वोच्च अदालतले हाइकोर्टको यस्तो आदेशलाई खारेज गर्दै अभियोग खारेज गर्न आदेश दिएको थियो ।

अन्त्यमा, यस आलेखमा प्रबन्ध सञ्चालकको कुरा गरिए पनि समग्रमा जेसुकै नाम दिइएको कम्पनी वा निकायको प्रशासकीय प्रमुखको भूमिका, चुनौती र जिम्मेवारीको चर्चा हो । कम्पनीमा प्रशासकीय प्रमुखको रूपमा प्रबन्ध सञ्चालक मात्र हैन, सञ्चालकमध्येबाट छानिएका अध्यक्ष पनि कार्यकारी भूमिकामा रहन सक्छन् । अध्यक्ष नै कार्यकारी भूमिकामा आसीन भएमा यस्तो पदलाई 'कार्यकारी अध्यक्ष' भनिन्छ । प्रशासकीय प्रमुखको रूपमा आसीन कार्यकारी अध्यक्षले वहन गर्नुपर्ने दायित्व जिम्मेवारी समान हुन्छ । त्यस्तै, प्रशासकीय प्रमुख पदलाई 'कार्यकारी सञ्चालक' पनि भनिन्छ । कार्यकारी भूमिका निर्वाह गर्ने व्यक्तिले 'यो मेरो दायित्व हो, त्यो मेरो दायित्व हैन' भनेर पन्छिन मिल्दैन । कार्यकारी भूमिकामा रहेपछि समस्त कानूनी दायित्व निर्वाह गर्नुपर्छ । अघिल्ला अनुच्छेदमा चर्चा गरिएका कानूनी विवादमा अदालतले दिएको निर्णयले पनि त्यही कुराको सङ्केत गर्छ ।

*लेखक शेयरसम्बन्धी अध्येता एवं करपोरेट अधिवक्ता हुन् ।*

टिप्पणी

# सामाजिक सञ्जाल दर्ता अनिवार्य

सरकारले फेसबुक, एक्स, टिकटक, लिंक्डइनलगायतका सामाजिक सञ्जाललाई 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' को प्रावधानहरूअनुरूप नेपालमा सूचीकृत हुन पटक पटक आग्रह गर्दै आएको छ । पछिल्लो पटक उसले सार्वजनिक सूचना प्रकाशन गरेर दर्ता हुन पुनः आग्रह गरेको हो । यी टेक कम्पनी दर्ताका लागि आएनन् भने के हुन्छ भन्ने प्रश्न उठेको छ । निर्देशिकाअनुसार नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल बन्द गराउन सकिन्छ । सरकारले यस्ता सामाजिक सञ्जाल बन्द गराउला त ?

निर्देशनमा सामाजिक सञ्जालको दर्ता, नियमन र निगरानी सम्बन्धी प्रावधानहरू समावेश छन् । मन्त्रालयका अनुसार यसले अनलाइन प्लेटफर्महरूको जिम्मेवारी बढाउने र डिजिटल स्पेसलाई सुरक्षित तथा मर्यादित बनाउन मद्दत गर्नेछ । सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा दर्ता गराइएको एक सातापछि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले सूचना निकालेर सामाजिक सञ्जाल कम्पनीहरूलाई नेपालमा सूचीकृत हुन पुनः आह्वान गरेकाले यो आग्रह कतै सामाजिक सञ्जालमाथि अंकुश लगाउने घुमाउरो नीति त होइन भन्ने प्रश्न पनि अहिले उठेको छ । यद्यपि सरकारले गत वर्ष नै निर्देशिका बनाएर सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरुलाई नेपालमा दर्ता हुन बारम्बार आग्रह र ताकेता गरिरहेको छ । सरकारले जारी गरेको निर्देशिकामा सामाजिक सञ्जाल कम्पनीहरूलाई नेपालमा सम्पर्क कार्यालय, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपालमा भाइबर, टिकटक र विच्याटमात्रै दर्ता भएको सरकारी अधिकारीको भनाइ छ । वीच्याटमार्फत अनलाइन भुक्तानी गर्न समेत नेपालमा वैध छ । तर, व्यापक रूपमा प्रयोग भइरहेका गुगल, फेसबुक, एक्स जस्ता सामाजिक सञ्जाल भने नेपालमा दर्ता हुन चासो दिइरहेका छैनन् । त्यसैले सरकारी अधिकारीहरू उनीहरुलाई बारम्बार ताकेता गरिरहेका छन् । सरकारको नियत जे भए पनि नेपालमा सञ्चालन हुने सामाजिक सञ्जाल नेपालमा दर्ता हुनै पर्छ । यसमा कुनै विवाद छ । अन्य देशमा पनि यी दर्ता भएर सञ्चालनमा रहेका छन् । नेपालजस्तो सानो बजार भनेर यी कम्पनीले चासो नदिएका हुन् भने पनि तिनलाई निर्देशिकाअनुसार बन्द गर्न सरकार पछि हट्नु हुन्न किनभने ती सञ्जालबाट करोडौंको कारोबार भइरहेको छ । अर्को, सरकारले यही निहुँमा सामाजिक सञ्जालमाथि नियन्त्रण राख्न खोजेको हो र यसलाई नियमन गर्ने भन्दै प्रयोगकर्तालाई दु:ख दिन खोजेको हो भने त्यो स्वीकार्य हुँदैन । हो, सामाजिक सञ्जाललाई अहिलेके जस्तो गरी छाडा छाड्नु भने हुन्न ।

अहिले सामाजिक सञ्जाल अपराध गर्ने थलो बनेको छ । खासगरी वित्तीय अपराध भइरहेको र नेपालीहरूको करोडौं रुपैयाँ सामाजिक सञ्जालकै प्रयोग गरेर ठगी भइरहेको छ । प्रहरीकहाँ यससम्बन्धी उजुरीका चाङ लाग्न थालेका छन् । यी सामाजिक सञ्जाल नेपालमा दर्ता नहुँदा सामाजिक सञ्जालको विवरण लिन प्रहरीलाई अप्ठेरो परिरहेको छ । यदि ती कम्पनी नेपालमा दर्ता भए वा तिनको देशीय प्रतिनिधि भए भने यस्तो अनुसन्धानका लागि आवश्यक डेटा र विवरण पाउन सजिलो हुन्छ । त्यसैले यिनलाई नेपालमा दर्ता गर्न अनिवार्य गरिनुपर्छ । यदि दर्ता हुन साँचिकै अटेरी गर्छन् भने तिनलाई बन्द गर्ने हिम्मत सरकारले गर्नुपर्छ । सरकारले कर प्रयोजनका लागि बारम्बार ताकेता गरेपछि अहिले यी कम्पनी कर प्रयोजनका लागि भने दर्ता भएका छन् । जति नै सानो बजार भने पनि नेपालमा ती सामाजिक सञ्जालको उपस्थिति र प्रयोग व्यापक छ । त्यसैले तिनले यो बजार हिस्सा पक्कै गुमाउन चाहँदैनन् । टिकटकमाथि प्रतिबन्ध लगाएकैले ऊ नेपालमा अहिले विधिवत् दर्ता भएको छ । त्यस्तै अवस्था अन्यका हकमा पनि आउन सक्छ ।

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार अघिल्लो वर्ष नेपालमा जति साइबर अपराधका घटना दर्ता भएका थिए त्यसको हाराहारीमा चालू आवको पहिलो छ महिनामै उजुरी परिसकेका छन् । तिनमा अनलाइन माध्यमबाट हुने आर्थिक ठगीका घटना बढी छन् । छ महिनाको अवधिमा ६२ करोड रुपैयाँजतिको ठगी भयो भनेर पीडितहरूको निवेदन प्राप्त भएको प्रहरीको भनाइ छ । कतिपय त प्रहरीसमक्ष पुग्दै नपुगेको अवस्था पनि छ । सामाजिक सञ्जालमा आउने प्रायोजित विज्ञापनलाई सत्य ठान्ने र त्यसमा आएका प्रस्तावलाई स्वीकार्दा धेरैजना साइबर अपराधको शिकार भएको पाइन्छ । यस्ता घटनाको अनुसन्धान गर्न प्रहरीसँग प्रशस्त जनशक्ति छैन । त्यस्तोमा यिनबाट विवरण लिन सके अनुसन्धान सहज हुने र पीडितले न्याय पाउने सम्भावना बढी हुन्छ । त्यसैले दर्ताका लागि अनिवार्य गर्न सरकार पछि हट्नु हुँदैन ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## तनहुँमा रंगशाला निर्माणको तयारी

राष्ट्रिय खेलकुद परिषद्ले तनहुँ जिल्लाको व्यास नगरपालिकास्थित चिन्टुटारमा रंगशाला निर्माण गर्ने भएको छ । सोका लागि आवश्यक प्राविधिक तयारी शुरू भइसकेको परिषद्का योजना विभाग प्रमुख कमल खनालले बताए । उनले भने, 'परिषद्का इन्जिनीयरहरूले जग्गाको नापजाँच गरेर आवश्यक तथ्यांक संकलन गरिसकेका छन् । अहिले कस्तो प्रकृतिको रंगशाला बनाउने भन्ने विषयमा प्राविधिक काम हुँदै छ ।' तनहुँमा रंगशाला निर्माणका लागि उचित स्थानको खोजीमा रहेको परिषद्लाई स्थानीय बासिन्दाले करीब १३ रोपनी जग्गा उपलब्ध गराएका हुन् । स्थानीय बासिन्दाले नै जग्गा दिएर काम थाल्न आग्रह गरेपछि परिषद्ले रंगशाला निर्माणका लागि सक्रियता देखाएको हो ।

स्थानीय बासिन्दाले आफूहरूबाट संकलन गरेको ३३ लाख रुपैयाँबाट जग्गा खरीद गर्नुका साथै सम्याएर परिषद्लाई हस्तान्तरण गरिसकेका छन् । रंगशाला संरक्षण तथा संवर्द्धन समितिका अध्यक्ष राजेन्द्रकेशरी न्यौपानेले थप जग्गा ऐलानी रहेकाले आवश्यक परेमा प्रयोग गर्न सकिने बताए ।

**वर्ष ८, अंक ८८, शुक्रवार २९ मङ्सिर, २०६९**

# आम्दानी खुम्चिँदा टेलिकम सेवाप्रदायकको पूँजीगत लगानी घट्दो

काठमाडौं । टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानीमा निरन्तर संकुचनको असर उनीहरूको पूँजीगत खर्चमा देखिएको छ । घट्दो आयसँगै पूर्वाधार निर्माणमा बजेट विनियोजन कम हुँदाको असर सेवा विस्तार, स्तरोन्नति र गुणस्तरीय सेवा प्रवाहलगायतमा देखिएको छ । साथै, कम्पनीहरूको भविष्यसमेत सुखद नदेखिएको जानकार बताउँछन् ।

कुनै समय कुल आम्दानीको झन्डै आधा रकम पूर्वाधार विकासमा खर्च गर्ने टेलिकम कम्पनीहरूले अहिले उक्त खर्चलाई १० प्रतिशत हाराहारीमा सीमित गरेका छन् । ओभर द टप (ओटीटी) प्लेटफर्मलगायत कारणले घट्दो आम्दानी, प्रचलित कानून संशोधन नहुनु, चर्को नवीकरण शुल्क र सञ्चालनमा सहजीकरण नहुँदा टेलिकमले पूर्वाधारमा आवश्यक लगानी गर्न हिच्किचाइरहेको टेलिकम क्षेत्रका विज्ञहरूको बुझाइ छ ।

टेलिकम कम्पनीहरूले सन् २००८ देखि २०१६ सम्म पूँजीगत खर्चमा जोड दिएको तथ्यांकले देखाउँछ । यस अवधिलाई पूँजीगत खर्चका हिसाबले 'हाइपर ग्रोथ' भन्न सकिने विज्ञ बताउँछन् । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेल भन्छन्, 'त्यो टेलिकम कम्पनीका लागि लगानीको समय थियो । पूँजीगत खर्चको अवस्था सन् २०१७ सम्म पनि राम्रै थियो । त्यसपछि आम्दानीसँगै पूँजीगत खर्च पनि घट्न थालेको देखिन्छ ।

हाल सञ्चालनमा रहेको दुईओटा टेलिकम कम्पनीको आर्थिक वर्ष (आव) २०७३/७४ को आम्दानी ९७ अर्ब ३० करोड रुपैयाँ थियो । आव २०७४/७५ मा आइपुग्दा १ दशमलव ४४ प्रतिशतले बढेर ९८ अर्ब ७१ करोड रुपैयाँ पुगेकामा त्यसयता आम्दानी निरन्तर ओरालो लागेको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आव २०७४/७५ को तुलनामा २०७९/८० मा आम्दानी करीब २६ प्रतिशतले ओरालो लागेर ७३ अर्ब १४ करोड रुपैयाँमा सीमित भएको छ ।

### निरन्तर लगानी आवश्यक

टेलिकम व्यवसाय अन्य क्षेत्रको तुलनामा बढी पूँजीगत खर्च हुनेमा गर्नुपर्नेमा पर्छ । गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति, बिटिएस निर्माण, फाइबर अप्टिकल केबल, डाटा सेन्टर, स्पेक्ट्रम शुल्कमा निरन्तर ठूलो खर्च भइरहेको हुन्छ । टेलिकम सेवाका लागि रेडियो स्पेक्ट्रमबापत सरकारलाई महँगो शुल्क तिर्नुपर्ने हुन्छ । फोर जी, फाइभ जीलगायत सेवा प्रवाहका लागि नयाँ स्पेक्ट्रम आवश्यक पर्छ । यसले पूँजीगत खर्च ह्वात्तै बढाउँछ ।

प्राधिकरणका पूर्वअध्यक्ष कँडेल टेलिकम क्षेत्रमा पूँजीगत खर्चको माग निरन्तर हुने बताउँछन् । 'टेलिकम क्षेत्रमा प्रविधिको विकाससँगै सेवा विस्तार र गुणस्तर सुधारको काम निरन्तर चलिरहने भएकाले यसमा प्रत्येक वर्ष लगानी गर्नुपर्छ । थ्री जीबाट फोर जी र त्यसबाट फाइभ जी प्रविधि ल्याउँदा कम्पनीहरूले ठूलो लगानी गर्नुपर्ने हुन्छ । तर, आम्दानी नै नभएपछि लगानी गर्न नसकेको देखिन्छ,' उनले भने ।

उनका अनुसार फाइभ जी सेवाका लागि फोर जीको तुलनामा कम्तीमा तेब्बर खर्च हुन्छ । 'नेपाल टेलिकमले १९ अर्ब रुपैयाँ खर्चेर फोर जी सेवा विस्तार गरेको थियो, फाइभ जीको हकमा त्यो झन्डै ६० अर्ब पुग्न सक्छ,' उनले भने, 'फाइभ जी मात्रै होइन सेवा विस्तार र पूर्वाधार मर्मतसम्भारको खर्च धान्न अहिलेको आम्दानीले टेलिकम कम्पनीलाई समस्या हुन्छ ।'







- ओभर द टप (ओटीटी) प्लेटफर्मलगायत कारणले आम्दानीमा कमी
- तत्कालै कानून संशोधन नगर्ने हो भने टेलिकम कम्पनीहरू संकटमा पर्ने
- आर्थिक वर्ष २०७३/७४ को तुलनामा २०७९/८० को आम्दानी करीब २६ प्रतिशतले कम

टेलिकम क्षेत्रमा पूर्वाधारको आयु औसत ५ देखि ७ वर्ष मात्रै हुने भएकाले पूँजीगत खर्च निरन्तर भइरहने उनको भनाइ छ । 'यो यस्तो क्षेत्र हो, जहाँ पूँजीगत खर्च निरन्तर भइरहेको हुन्छ, एकपटक लगानी गरेर ढुक्क हुने अवस्था रहँदैन,' पूर्वअध्यक्ष कँडेलले भने, 'सेवा विस्तार, नयाँ प्रविधिमा लगानी, स्पेक्ट्रम, पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि वर्षेनि ठूलो बजेट विनियोजन गर्नुपर्छ ।'

दूरसञ्चारविज्ञ विशाल उपाध्याय टेलिकम क्षेत्रमा पूँजीगत खर्चको माग बढे पनि सोअनुसार आम्दानी बढ्न नसकेको बताउँछन् । यो क्षेत्रमा अहिले पनि आम्दानीको १५ देखि २० प्रतिशत रकम पूँजीगत क्षेत्रमा खर्च गर्नुपर्ने अवस्था छ । जबकि उत्पादनमूलक र प्रविधि (हार्डवेयर तथा क्लाउड) मा आम्दानीको ५ देखि १०, रिटेलमा २ देखि ५ र बैंकिङमा १ देखि ५ प्रतिशत मात्रै पूँजीगत खर्च गरे पुग्छ ।

### अर्थतन्त्रमा असर

पूँजीगत खर्च कम हुँदाको प्रभाव मुलुकको कुल ग्रार्हस्थ्य उत्पादनमा पनि पर्छ । विश्व बैंकको एक अध्ययनले इन्टरनेट लगानीमा हुने प्रत्येक १० प्रतिशत वृद्धिले १ दशमलव ३ प्रतिशतको आर्थिक वृद्धि हुने देखाएको छ । आम जनसमुदायसम्म इन्टरनेट सेवा पुगेपछि यसको प्रभावबाट थप आर्थिक वृद्धि हुने उक्त अध्ययन प्रतिवेदनमा उल्लेख छ । तर, टेलिकम कम्पनीहरूको घट्दो पूँजीगत लगानीका कारण अपेक्षाकृत इन्टरनेटको पहुँच विस्तार हुन नसक्ने देखिन्छ । लगानी नै घट्दो भएपछि त्यसले कुल गार्हस्थ्य उत्पादनमा गर्न सक्ने योगदान बढ्न सक्ने देखिन्न ।

तथ्यांकअनुसार सन् २०१६ मा अर्थतन्त्रमा ३ दशमलव ९ प्रतिशत टेलिकम क्षेत्रको योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा १ दशमलव ८ प्रतिशतमा सीमित भएको छ । अर्थतन्त्रमा टेलिकम क्षेत्रको योगदान सन् २०१७ मा ३ दशमलव ४, सन् २०१८ मा ३, सन् २०१९ मा २ दशमलव ७, सन् २०२० मा २ दशमलव ४, सन् २०२१ मा २ दशमलव २ र सन् २०२२ मा १ दशमलव ९ प्रतिशतमा सीमित भएको छ ।

टेलिकम क्षेत्रको आम्दानी मात्रै होइन, यसबाट राज्यले पाउँदै आएको राजस्वमा पनि कमी आएको छ । आव २०७६/७७ मा नेपाल टेलिकम र एनसेलले समग्रमा ६७ अर्ब ४८ करोड रुपैयाँ राजस्व बुझाएकामा २०७९/८० मा आइपुग्दा २० अर्बले घटेर ४७ अर्ब रुपैयाँमा सीमित भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल तत्कालै कानून संशोधन नगर्ने हो भने टेलिकम कम्पनीहरू संकटमा पर्ने बताउँछन् । 'टेलिकम कम्पनीहरूको आम्दानी निरन्तर घट्दो छ, यसको अर्थ उनीहरू संकटमा पर्दैछन् भन्ने हो । खर्च बढिरहने तर आम्दानी कम हुँदै जाने हो भने यसले टेलिकम क्षेत्रलाई राम्रो गर्दैन,' उनले भने, 'सरकारले तत्कालै उनीहरूका समस्या सम्बोधन नगर्ने हो भने समस्या आउँछ ।'

खनाल टेलिकम कम्पनीले पूँजीगत खर्च गर्दाको फाइदा उक्त कम्पनीका लागि मात्रै नभई समाजका सबै वर्गलाई हुने बताउँछन् । जस्तै एउटा टेलिकमको टावर राख्दा मात्रै पनि घरधनीले मासिक भाडा पाउँछ, राज्यले कर पाउँछ, आम नागरिकले टेलिफोन र इन्टरनेटको सेवा पाउँछन् । टेलिफोन र इन्टरनेटका माध्यमबाट हुने लाभ त छँदैछ । त्यसैले पूर्वाधारमा लगानी गर्न कम्पनीहरूले पहिले कमाउनु जरुरी भएको उनको बुझाइ छ । खनाल अहिले बजारमा तेस्रो टेलिकम कम्पनीको सम्भावना भए पनि टेलिकम कम्पनीहरूको घट्दो आय र बढ्दो खर्चका कारण तत्काल नै नयाँ प्रतिस्पर्धी आउनेमा शंका रहेको बताउँछन् ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरूले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउँछिन् । उनका अनुसार नयाँ ऐनमार्फत आवश्यक संशोधन नहुने हो भने टेलिकम कम्पनीहरू समस्यामा पर्छन् । 'टेलिकम क्षेत्रले अहिले भोगिरहेका समस्या समाधानका लागि नयाँ ऐन निर्माण जरुरी छ, हामीले यसमा आवश्यक सुझाव पनि दिइसकेका छौं, नयाँ ऐन निर्माणपछि अहिलेका अधिकांश समस्या समाधान हुनेछ भन्ने विश्वास छ,' उनले भनिन् ।

अर्को टेलिकम सेवाप्रदायक एनसेलका अनुसार अहिले टेलिकम कम्पनीहरूको कुल आम्दानीको तुलनामा पूँजीगत खर्च बढी गर्नुपर्ने अवस्था छ । कुल आम्दानीको ४८ प्रतिशत राजस्व विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपर्छ । १३ प्रतिशत मूल्य अभिवृद्धि कर, १० प्रतिशत सेवा शुल्क र २ प्रतिशत स्वामित्व कर गर्दा कुल २१ दशमलव २ प्रतिशत करमै जान्छ । बाँकी रकमबाट सञ्चालन खर्च, स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने ४ प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत रकम बचत हुन्छ । त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र ऋणको किस्ता तिर्दा औसतमा ८ प्रतिशत मात्रै रकम बाँकी रहन्छ । त्यसमा पनि संस्थागत कर तिरेपछि ५ प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ ।

'केही वर्षअघिसम्म ५ प्रतिशत भए पनि रकम ठूलो थियो, टेलिकम सेवा प्रदायकको आम्दानी नै करीब १ खर्ब थियो । तर, अहिले आम्दानी नै झन्डै २५ प्रतिशतले ओरालो लागिसकेको छ भने आगामी वर्षमा अझ घट्ने अध्ययनले देखाएको छ,' दूरसञ्चारविज्ञ उपाध्यायले भने । टेलिकम पनि खानेपानी, विद्युत्, फोहोर व्यवस्थापन जस्तै सार्वजनिक सेवा भएको उल्लेख गर्दै उनले मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि गर्न आवश्यक रहेको बताए । तर, अन्य सेवामा जस्तो टेलिकम कम्पनीहरूले मुद्रास्फीतिको आधारमा शुल्क वृद्धि गर्न पाएका छैनन् ।

### वार्षिक ६ अर्ब लगानी आवश्यक

यस क्षेत्रका विज्ञहरू टेलिकमलाई यही अवस्थामा निरन्तर सञ्चालनका लागि वार्षिक ६ अर्ब पूँजीगत खर्च आवश्यक पर्ने बताउँछन् । तर, कम्पनीहरूले आम्दानी र नाफा घट्न थालेपछि पूँजीगत खर्च पनि घटाउँदै लगेका छन् । पछिल्ला वर्षहरूमा भ्वाइसबाट आम्दानी घटिरहेको छ भने डाटा सेवामा उत्साहजनक वृद्धि छैन । सेवाप्रदायकहरूले सेवाशुल्क बढाउन पनि सकेका छैनन् । 'आजका दिनमा सेवा सञ्चालन गरिराख्नका लागि मात्रै वार्षिक ६ अर्ब लगानी आवश्यक छ । तर, अहिले त्योभन्दा कम खर्च भइरहेको छ । आम्दानी नबढ्ने हो भने टेलिकम क्षेत्रले सेवा विस्तार र गुणस्तर सुधारमा खर्च गर्न नसक्ने अवस्था रहन्छ,' प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक खनाल भन्छन् । *रासस*

# नर्वेमा जनवरीमा दर्ता कारमा ९६ प्रतिशत विद्युतीय

ओस्लो । नर्वेमा गत जनवरीमा दर्ता भएका लगभग ९६ प्रतिशत नयाँ कार विद्युतीय रहेको समाचार आएको छ । नर्वेली सार्वजनिक सडक प्रशासन (ओएफभी) का अनुसार गत महीना दर्ता भएका नयाँ कारमध्ये ९५ दशमलव ८ प्रतिशत विद्युतीय छन् ।

रिचार्जेबल हाइब्रिड मोडलसहित विद्युतीय कारको हिस्सा ९६ दशमलव ८ प्रतिशतले बढेको छ । 'नर्वेले जनवरीमा ९ हजार ३४३ नयाँ कार बिक्री गरेकोमा ८ हजार ९५४ ओटा विद्युतीय थिए,' ओएफभीले जानकारी दिएको छ ।

ओएफभीका निर्देशक ओयविन्ड सोलबर्ग थोरसेन भन्छन्, 'हामीले योभन्दा पहिले कहिल्यै विद्युतीय कारले यति धेरै हिस्सा ओगटेको थाहा पाएका थिएनौं । बाँकी अवधि पनि यस्तै रह्यो भने हामी चाँडै नै २०२५ को लक्ष्यको नजिक पुग्नेछौं ।'

'हामी विद्युतीय कारहरूले नै शतप्रतिशत हिस्सा ओगटेको देख्न चाहन्छौं । लक्ष्यमा पुग्नका लागि अन्य मोडेलहरू भन्दा विद्युतीय कार छनोट गर्न लाभदायक बनाउने प्रोत्साहनहरू ल्याउन आवश्यक हुनेछ,' उनले थपे ।

सबैभन्दा धेरै बिक्री भएका ५० मोडलमध्ये दुईओटा मात्र गैरविद्युतीय थिए र त्यो पनि पहिलो ३३औं स्थानमा आएको थियो । नर्वेमा, विद्युतीय कारहरू धेरै करहरूबाट मुक्त छन् र यसले तिनीहरूलाई भारी कर लगाइएको आन्तरिक इन्धन दहन कारहरूविरुद्ध प्रतिस्पर्धी बनाउँछ । उनीहरूले सडक कर छुट, सार्वजनिक कार पार्कहरूमा निःशुल्क पार्किङ र सार्वजनिक यातायात ट्राफिक लेनको प्रयोगबाट पनि लाभ उठाएका छन् । *एजेन्सी*

बाँकी पृष्ठ १ बाट ...

### अवरोधले लगानीको ...

विरोधका कारण निजीक्षेत्रको लगानीमा बनाउन लागिएको परियोजना अनिश्चित भएपछि निजीक्षेत्रका तीनओटा छाता संस्थाले संयुक्त प्रेस विज्ञप्ति जारी गरेर बन्द हडताल तत्काल रोक्न आग्रह गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले मंगलवार संयुक्त विज्ञप्ति जारी गर्दै परियोजनामा भएको अवरोधले लगानीको वातावरण बिथोलिने अवस्था आएको बताएका हुन् ।

'विकासमा देखिएको यो अवरोध कुनै एउटा परियोजनाको विरोध मात्रै नभएर देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सृजना हुनुका साथै नेपालमा लगानी गर्ने लगानीकर्तामा यसले नकारात्मक सन्देश प्रवाह गर्ने,' संयुक्त विज्ञप्तिमा उल्लेख छ ।

यस्तै केबलकार निर्माणका लागि स्थानीय तह र स्थानीय बासिन्दा सहमत रहेको र उनीहरूले बन्नुपर्छ भन्ने धारणा राखिरहेको सन्दर्भमा केबलकार बन्न दिनु हुँदैन भनेर बाह्य हस्तक्षेप भएको निजीक्षेत्रका संस्थाहरूको भनाइ छ । यसरी केबलकार निर्माण कार्यमा अवरोध हुनुलाई दुःखद मात्र नभई विकासको प्रवाहलाई रोक्ने प्रयासका रूपमा निजीक्षेत्रले लिएको समेत विज्ञप्तिमा उल्लेख छ ।

निजीक्षेत्रका संस्थाहरूले समस्याको समाधान वार्ताबाट गर्न सकिने जनाउँदै विकासको यो प्रयासलाई सकारात्मक रूपमा ग्रहण गर्न र पाथीभरा (मुक्कुम्लुङ) केबलकार परियोजनालाई सहज र निर्बाध रूपमा अघि बढाउन स्थानीय समुदाय, सम्बद्ध निकाय तथा सरोकारवालाहरूलाई अपिल गरेका छन्

पाथीभरा केबलकार विवाद तथा आन्दोलनलाई वार्ताको माध्यमबाट टुङ्ग्याउने गरी सरकार र आन्दोलनरत पक्षबीच अहिले समिति गठन भई वार्तासमेत भइरहेको छ । आन्दोलनरत पक्षबाट वार्ता सहजीकरण समूहका संयोजक अमर तुम्याङले सोमवारदेखि सरकार र आन्दोलनरत पक्षबीच वार्ता भए पनि सहमति भइनसकेको बताए । मंगलवार साँझसम्म पनि एउटै कुरामा वार्ता अड्किएको भन्दै उनले थपे, 'वार्ता टुंगिने स्थिति छैन, हामीले अहिलेको आन्दोलनलाई रोक्ने र वार्ताको माध्यमबाट विषय टुंगो लगाउने भनेका छौं । त्यसमा सहमति भएको छैन ।'

आन्दोलनरत पक्षले अर्को वार्ता हुँदासम्मका लागि केबलकार निर्माणको काम रोक्नुपर्ने र प्रशासनले पक्राउ गरेका व्यक्तिलाई विनाशर्त रिहा गर्नुपर्ने माग राखेको उनको भनाइ छ । उनका अनुसार अहिलेको आन्दोलन जारी नै रहनेछ ।

मंगलवारको छलफलमा अल्पकालीन र दीर्घकालीन रूपमा गरिने कामका विषयमा छलफल भएको थियो । यी माग पूरा भए तत्कालका लागि आन्दोलन स्थगित गर्ने र अर्को वार्तामा केबलकार खारेजीको सन्दर्भमा छलफल, विस्थापित घरपरिवारको विषय र गम्भीर घाइतेका विषयमा छलफल गर्ने भनिएको उनले जानकारी दिए ।

वार्ता सहजीकरण समितिमा गृह मन्त्रालयका सहसचिव प्रेम भट्टराई संयोजक छन् । सरकारले वार्ताका लागि न्यूनतम वातावरण बनाउन आधा दर्जन काम गर्नुपर्ने संघर्ष समितिले बताउँदै आएको छ ।

संघर्ष समितिले केबलकार खारेज हुनुपर्ने, नाम्जागे (काफ्लेपाटी)बाट सशस्त्र र प्रहरी फिर्ता गर्नुपर्ने, गिरफ्तार गरिएका सम्पदाप्रेमीलाई विनाशर्त रिहा गर्नुपर्ने, घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचार गर्नुपर्ने, घटनाको छानबिन गर्न उच्चस्तरीय समिति निर्माण गरी दोषीलाई कारबाही गर्नुपर्ने, केबलकार कम्पनीले घाइतेहरूलाई आजीवन जीवन निर्वाहको व्यवस्था गर्नुपर्ने र पाथीभरा क्षेत्र विकास समिति गठन आदेश, २०५३ (संशोधित २०७५) ले मुक्कुम्लुङ वरिपरि लगभग २ हजार ५०० देखि ३ हजार घरधुरीलाई पाथीभरा क्षेत्र तोकिएकोमा त्यस क्षेत्रका जनता विस्थापित हुने भएकाले सो खारेज गर्नुपर्ने माग उनीहरूले राखेका छन् । उनीहरूले कोशी प्रदेशका साथै संघीय राजधानी काठमाडौंको माइतीघरमा पनि आन्दोलन गर्दै आएका छन् ।

### सर्वसाधारणको ...

कम्पनीको प्रतिशेयर आम्दानी पनि गत आव घटेर ३४ रुपैयाँ ६१ पैसा कायम भएको छ । अघिल्लो आव २०७९/८० मा प्रतिशेयर आम्दानी ४४ रुपैयाँ १६ पैसा रहेको थियो ।

टेलिकमले नाफा कमाएबापतको लाभांश ६ अर्ब ५८ करोड सरकारी कोषमा दाखिला गरेको छ । सम्पत्ति र सवारीसाधान कर ५ करोड ८२ लाख रुपैयाँ तिरेको छ । टेलिकमले गतवर्ष इजाजतपत्रको नवीकरण गराउनुपर्ने भएकोले एकमुष्ट लाइसेन्स शुल्क १६ अर्ब ९८ करोड रुपैयाँ तिरेको थियो ।

टेलिकमको आम्दानी वार्षिक रूपमा घट्दै गए पनि बढ्दो खर्चले संस्था टिकाउन चुनौतीपूर्ण भएको गुनासो टेलिकमले गर्दै आएको छ । नेपाल टेलिकमका अनुसार पछिल्ला वर्षहरूमा भ्वाइस सेवाका प्रयोगकर्ता निरन्तर घट्दै गएका छन् भने डेटा प्रयोगकर्ता बढ्दै गएका छन् । टेलिकमका सेवाप्रदायकको प्लेटफर्म प्रयोग गरेर ओभर दी टप (ओटीटी)को प्रयोग बढेकाले टेलिकम क्षेत्रले वार्षिक आम्दानी नै गुमाउनुपरेको नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडीले बताइन् ।

उनका अनुसार टेलिकमले डिजिटल मार्केटिङ तथा फाइभ जी आयोजनाका कार्यलाई विशेष महत्त्वका साथ कार्यान्वयनमा लैजाने तयारी गरेको छ । सञ्चारमन्त्री गुरुङले नेपाल टेलिकमले आम्दानीको क्षेत्र पहिचान गरी लैजान आवश्यक रहेको बताए । उनका अनुसार टेलिकम भ्वाइस मात्रै नभएर डाटामा पनि लाग्नुपर्ने समय आएको छ । 'आम्दानीको क्षेत्रमा लाग्न सकेका छैनौं । टेलिकम भ्वाइस मात्रै नभएर डाटामा पनि लाग्नुपर्छ । नेपाल टेलिकमले कार्यक्षेत्र, सेवाको क्षेत्र विस्तारको साथै बदलिँदो क्षेत्रमा जान सक्नुपर्छ । टेलिकमको क्षेत्रलाई अरुले उछिनेको छ । त्यसबारेमा टेलिकमको ध्यानाकर्षण हुनुपर्छ,' उनले भने ।

उनका अनुसार फोर जीलाई देशभर घरघरमा पुऱ्याउँदै देशका प्रमुख शहरमा नेपाल टेलिकमले फाइभ जीको थालनी गर्नुपर्छ । अब फाइभ जी शुरू नगरे प्रविधिमा नेपाल पछि पर्नेछ ।

# गण्डकीमा ४ अर्बभन्दा बढीको सुन्तला उत्पादन

गण्डकी । गण्डकी प्रदेशमा यस वर्ष ४ अर्ब १७ करोड २७ लाख रुपैयाँ बराबरको सुन्तला उत्पादन भएको छ । कृषि विकास निर्देशनालयको प्रारम्भिक आँकडाअनुसार ६६ हजार ५७८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । प्रदेशका ९ जिल्लामा ५ हजार ७०३ हेक्टरमा सुन्तला उत्पादन भएको निर्देशनालयका कृषि अर्थविज्ञ मनोज पौडेलले जानकारी दिए ।

'किसानले पाउने प्रतिकिलो सुन्तलाको औसत मूल्यका आधारमा यो वर्ष ४ अर्ब रुपैयाँभन्दा बढीको सुन्तला उत्पादन भएको छ,' उनले भने, 'सबैभन्दा बढी स्याङ्जामा १ अर्ब ७१ करोड ६३ लाख ९० हजार रुपैयाँ बराबरको सुन्तला फलेको छ ।' कृषि अर्थविज्ञ पौडेलका अनुसार तनहुँमा ६४ करोड २० लाख, गोरखामा ४० करोड २० लाख, पर्वतमा ३८ करोड ३६ लाख, म्याग्दीमा ३४ करोड २१ लाख, बागलुङमा २६ करोड ४६ लाख, कास्कीमा २५ करोड ९६ लाख, नवलपुरमा १३ करोड ३९ लाख र लमजुङमा ३ करोड रुपैयाँ बराबरको सुन्तला उत्पादन भएको छ ।

यस वर्ष स्याङ्जामा १ हजार ९५० हेक्टर, तनहुँमा ९६८ हेक्टर, गोरखामा ७४६ हेक्टर, पर्वतमा ४६५ हेक्टर, म्याग्दीमा ४२५ हेक्टर, बागलुङमा ३७७ हेक्टर, कास्कीमा ५४१ हेक्टर, नवलपुरमा १६१ हेक्टर र लमजुङमा ८० हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको हो । यस वर्ष ११ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको निर्देशनालयले जनाएको छ । दुई वर्षअघि ५० हजार ८५० मेट्रिक टन सुन्तला उत्पादन भएकामा यो वर्ष बढेर ६६ हजार ५७८ मेट्रिक टन पुगेको हो ।

वर्षेनि सुन्तलाखेतीको क्षेत्रफल विस्तार पनि भइरहेको छ । देशमै सबैभन्दा धेरै सुन्तलाखेती हुने स्याङ्जाले वर्षेनि उत्पादनको ठूलो हिस्सा ओगट्छ । गण्डकीमा मुस्ताङ र मनाङ जिल्लामा भने सुन्तलाखेती हुँदैन । किसानले पाउने प्रतिकिलो सुन्तलाको औसत मूल्य ६७ रुपैयाँका आधारमा उत्पादनको कुल मूल्य निर्धारण गरिएको कृषि अर्थविज्ञ पौडेलले जानकारी दिए । शुरूमा केही कम मूल्य परे पनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजान्छन् ।



जिल्लागत रूपमा पनि सुन्तलाको औसत मूल्य फरक-फरक रहेको छ । किसानको बगैंचाबाट बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै नहुने निर्देशनालयले जनाएको छ । जिल्लाहरूले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गरेर प्रदेशभरिको उत्पादन सार्वजनिक गर्ने गरिएको हो । नयाँ बोटले फल दिन थाल्नु, उत्पादन क्षेत्र विस्तार, बगैंचाको सही व्यवस्थापन जस्ता कारणले सुन्तला उत्पादन वृद्धि हुँदै आएको निर्देशनालयले जनाएको छ ।

मुस्ताङ र मनाङबाहेक प्रदेशका ९ जिल्लामा गरी कुल ८ हजार ५१६ हेक्टर सुन्तलाखेतीले ओगटेको छ । रोगकिराको प्रकोप, कलमी बिरुवाको अभाव, बगैंचा व्यवस्थापन, सुन्तला टिप्नेदेखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभाव जस्ता समस्या सुन्तला किसानले बेहोर्दै आएका छन् । बोट सुकेर मर्ने रोग, औंसा किरालगायतले पनि सुन्तलाखेतीमा क्षति पुऱ्याउने गरेको छ ।

सुन्तलाखेती विस्तार र व्यवसायीकरणका लागि सुन्तला 'सुपर जोन', 'जोन', 'पकेट' र 'ब्लक' कार्यक्रम सञ्चालित छन् । बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर सुन्तला 'जोन' बनाइएको छ । 'सुन्तला जोन'मा बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुनालगायत गाउँ पर्छन् । स्याङ्जामा सुन्तला 'सुपरजोन' कार्यक्रम लागू भइरहेको छ । शुरूमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको हो । स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, राङ्खोला, अर्जुनचौपारीलगायत गाउँ सुन्तलाखेतीका लागि बढी परिचित छन् । तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामा पनि सुन्तला उत्पादन राम्रो हुन्छ । यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेशभित्रैका शहरी क्षेत्रमा बढी खपत हुन्छ । व्यापारीले नारायणगढ, काठमाडौंलगायत ठाउँमा पनि बिक्रीका लागि पुऱ्याउँछन् । पर्वतको जलजला गाउँपालिका-१, बाँसखर्कका अगुवा सुन्तला किसान मेखबहादुर खत्रीका अनुसार यो वर्ष बाँसखर्कमा मात्र १८ करोड ४४ लाख ४७ हजार रुपैयाँको सुन्तला उत्पादन भयो ।

त्यहाँ १ हजार ५०० रोपनी जमिनमा सुन्तलाखेती गरिएकामा फल दिने बोट २६ हजार ७)६ र हुर्कंदै गरेका बोट २४ हजार ४४५ रहेको उनले बताए । कुल ५१ हजार १५१ बोट रहेकामा सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै ४० करोड रुपैयाँ मूल्य हाराहारी पुग्ने अनुमान गरिएको छ । अगुवा कृषक जतबहादुर खत्रीको बगानमा वर्षमा ३५ लाख रुपैयाँ बराबरको सुन्तला फल्ने गरेको छ । उनले २५ रोपनी जमिनमा सुन्तलाखेती गरेका छन् ।

अगुवा किसान शान्तबहादुर छिन्तेलले वार्षिक २३ लाख र हेमबहादुर अर्मजाले १९ लाख रुपैयाँ बराबरको सुन्तला उत्पादन गर्दै आएका छन् । तेजबहादुर खत्री र नरबहादुर पाइजाले सुन्तलाको नर्सरी सञ्चालन गर्दै आएका छन् । 'व्यावसायिक सुन्तलाखेतीले बाँसखर्कका किसानको जीवनस्तर नै बदलिएको छ, सुन्तला बेचेर वर्षको ५ लाखदेखि ४० लाख रुपैयाँसम्म कमाउने किसान यहाँ हुनुहुन्छ,' अगुवा किसान मेखबहादुर खत्रीले भने । बाँसखर्कको सुन्तला पोखरा, मुग्लिन, नारायणगढ, काठमाडौंलगायत ठाउँमा जाने गरेको उनको भनाइ छ ।

उनका अनुसार जलजला-१ को मालगाउँ र घुमाउने तालको केही ठाउँबाहेक बाँसखर्कको अधिकांश क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ । १९९७/९८ सालतिर बाँसखर्कको बजारमारे र वीरमारेमा केही सुन्तलाका बोट देखिएको र त्यसपछि समय क्रममा सुन्तलाखेती विस्तार हुँदै आएको उनले बताए । २०२८ सालमा कृषि विकास बैंकले सुन्तलाखेती गर्ने किसानलाई ऋण दिन थालेपछि बाँसखर्कमा सुन्तलाखेती शुरू भएको गाउँका अगुवा किसान बताउँछन् ।

पोखरासम्म सडक पहुँच विस्तार भएपछि २०५२/५३ सालदेखि बाँसखर्कका किसानले व्यावसायिक रूपमा सुन्तलाखेती शुरू गरेका हुन् । २३९ घरधुरी रहेको बाँसखर्कका अधिकांश किसान सुन्तलाखेतीमा आबद्ध छन् । किसानले सुन्तलाखेतीको विकल्प देख्न छाडिसकेका छन् । गण्डकी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठले सुन्तलाको पकेट क्षेत्र विस्तारका लागि प्रदेश सरकारले सहयोग गर्दै आएको बताइन् । 'सरकारले सुन्तलाखेती गर्ने किसानलाई शीप र प्रविधि हस्तान्तरणमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने योजना ल्याएको छ,' उनले भनिन् । *रासस*

**आगामी साधारणसभा**

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर पावर कम्पनी लिमिटेड | २०८०/८१ | होटल इम्पेरियल, बत्तिसपुतली, काठमाडौं | माघ २४ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ११ |
| २ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २०७९/८०, २०८०/८१ | सेलिब्रेशन हाइट्स, सुकेधारा, काठमाडौं | माघ २४ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ३ |
| ३ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सनस्टार इन्टरनेशनल, भैरहवा, रूपन्देही | माघ २६ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १५ |
| ४ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल पावन मिथिला थाली, गोलबजार, सिराहा | माघ २७ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १८ |
| ५ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | होटल भिष्वा, वीरगञ्ज | माघ २८ | ९:०० | १० | ११.०५ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १० |
| ६ | नेपाल ल्यूब आयल लिमिटेड | विशेष | द प्लाजा, पुल्चोक, ललितपुर | माघ २९ | ११:०० | | | एफपिओ निष्कासन गर्ने निर्णय खारेज गर्ने, २०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने | माघ २७ - माघ २९ |
| ७ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०८०/८१ | धुम्रबराह भेन्यु, धुम्बाराही, काठमाडौं | माघ ३० | ११:०० | | | सञ्चालक समिति हेरफेर तथा अनुमोदन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १३ |
| ८ | इमर्जिङ्ग नेपाल लिमिटेड | विशेष | लिसरा रिसेप्सन, नक्साल, काठमाडौं | माघ ३० | ९:३० | | | शेयर स्वामित्व अनुपात परिवर्तन गर्ने | माघ २१ |
| ९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | स्काई गार्डेन रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोक | फागुन ६ | ११:०० | | | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |
| १० | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, उपल्लाचौर, बागलुङ | फागुन १० | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २१ |
| ११ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मिराबेल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक | फागुन ११ | ११:३० | ५ | ०.२६ | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २४ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | २०७९/८० | अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं | फागुन ११ | १०:३० | १४ | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |
| १३ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, थापाथली, काठमाडौं | फागुन १३ | ११:०० | १० | ०.५२६३ | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ३० - फागुन १३ |
| १४ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २०८०/८१ | राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं | फागुन १५ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २९ - फागुन १५ |

# लाभांश प्रस्तावसहित शिखर इन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले फागुन १३ गते २०औं वार्षिक साधारणसभा बोलाएको छ । माघ २१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको केन्द्रीय कार्यालय, थापाथली, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। साथै प्रस्तावित १० दशमलव ५३ प्रतिशत लाभांश वितरणको प्रस्तावलाई पनि सभाले अन्तिम स्वीकृति प्रदान गर्नेछ । गत वर्षको मुनाफाबाट कम्पनीले हाल कायम चुक्तापूँजी २ अर्ब ६५ करोड ४९ लाख ४७ हजार रुपैयाँको आधारमा १० प्रतिशत बोनस शेयर र शून्य दशमलव ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरणको प्रस्ताव गरेको हो ।

उल्लिखित प्रस्तावहरूसँगै कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तनको प्रस्ताव पनि सभाका लागि तय भएको छ । साथै, गत वर्ष चन्दा र सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरू अनुमोदन र कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनको प्रस्ताव पनि सभाले पारित गर्नेछ । यसका लागि सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ ।

सभा प्रयोजनका लागि कम्पनीले माघ ३० गतेदेखि सभा हुने दिनसम्म बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा माघ २९ गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

# नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले फागुन १५ गते साधारणसभा गर्दै

काठमाडौं (अस) । नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडले फागुन १५ गते ३८औं वार्षिक साधारणसभा बोलाएको छ । माघ २१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौंमा बिहान १० बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। यस वर्ष पनि कम्पनीले लाभांश प्रस्ताव गरेको छैन ।

सभाले संस्थापक तर्फबाट चार जना र सर्वसाधारण तर्फबाट दुई जना गरी ६ जना सञ्चालक निर्वाचनको कार्यक्रमलाई समेत टुंग्याउनेछ। सञ्चालक निर्वाचन सम्बन्धी प्रस्ताव २०८० साल चैत २० गते सम्पन्न कम्पनीको ३७ औं वार्षिक साधारणसभामा समेत राखिएकोमा सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण निर्वाचन कार्य स्थगित गरिएको थियो। २०८१ साल कात्तिक १४ गते साविकको अन्तरिम आदेश तथा रिट निवेदन समेत खारेज हुने गरी फैसला भएकाले यस वार्षिक साधारणसभाबाट सञ्चालक निर्वाचनको प्रस्ताव अघि सारिएको हो ।

सभा प्रयोजनका लागि कम्पनीले माघ २९ गतेदेखि सभा हुने दिनसम्म बुक क्लोज गर्न लागेको छ। यस आधारमा माघ २८ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

# सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको लाभांश प्रस्ताव

काठमाडौं (अस) । सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ३० प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव गरेको छ ।

माघ २१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले हाल कायम चुक्तापूँजी २ अर्ब ८० करोड ६५ लाख ४९ हजार रुपैयाँका आधारमा ८४ करोड १९ लाख ६४ हजार रुपैयाँ बराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । प्रस्तावित लाभांश स्वीकृतिका लागि कम्पनीले नेपाल बीमा प्राधिकरणमा पेश गर्ने निर्णय समेत गरेको छ ।

प्रस्तावित लाभांश प्राधिकरणले स्वीकृत गरी कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि मात्र वितरण हुनेछ । यस वर्ष कम्पनीले गत वर्षभन्दा बढी लाभांश वितरण गर्न लागेको हो । गत वर्ष अघिल्लो आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट कम्पनीले ११ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गरेको थियो ।

# घलेम्दी हाइड्रोको नोक्सानी घट्यो

काठमाडौं (अस) । घलेम्दी हाइड्रो लिमिटेड चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म १६ लाख ९७ हजार रुपैयाँभन्दा बढी खुद नोक्सानीमा रहेको छ । गत वर्ष यस अवधिसम्म ४ करोड ९९ लाख रुपैयाँभन्दा बढी खुद नोक्सानीमा रहेको कम्पनीले यस वर्ष भने खुद नोक्सानी कम गरेको हो । पहिलो त्रैमाससम्म कम्पनी ७४ लाख ७४ हजार रुपैयाँभन्दा बढी खुद नाफामा थियो ।

दोस्रो त्रैमाससम्म कम्पनीले विद्युत् विक्रीबाट ६ करोड ७४ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको छ । गत वर्ष यस अवधिसम्म कम्पनीले ४ करोड ९६ लाख रुपैयाँभन्दा बढी विद्युत् विक्रीबाट आम्दानी गरेको थियो ।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ६५ करोड रुपैयाँ छ । जगेडा कोष रकम भने २१ करोड ११ लाख रुपैयाँभन्दा बढी ऋणात्मक छ । कम्पनीले लिएको दीर्घकालीन कर्जा रकम यस वर्ष ६९ करोड ९० लाख रुपैयाँभन्दा बढी रहेको छ भने अल्पकालीन कर्जा २३ करोड ४७ लाख रुपैयाँभन्दा बढी छ। गत वर्ष यस अवधिसम्म कम्पनीको दीर्घकालीन कर्जा ८५ करोड ८३ लाख रुपैयाँभन्दा बढी थियो भने अल्पकालीन कर्जा ५ करोड २७ लाख रुपैयाँभन्दा बढी रहेको थियो ।

दोस्रो त्रैमाससम्म कम्पनी १० पैसा प्रतिशेयर नोक्सानीमा छ भने प्रतिशेयर नेटवर्थ ९८ रुपैयाँ २० पैसा छ ।

**हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड**
लैनचौर-२६, काठमाण्डौं, फोन : ०१-४५२४४६५
Email : info@hathwaynepal.com.np, Website: https://www.hathwaynepal.com.np

**सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना**

यस लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीहरुले यस लिमिटेडको केन्द्रीय कार्यालय, लैनचौर काठमाडौंमा सम्पर्क गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेस गर्नुहुन आव्हान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ।

**क) सवारी साधनको विवरण :**

| सि.न. | सवारी किसिम | सवारी न. | सवारी साधन रहेको स्थान | परिमाण |
|---|---|---|---|---|
| १ | Hyundai I 20 Active | BAB 5765 | का.म.न.पा. २६ लैनचौर, काठमाण्डौं। | १ |

**ख) शर्तहरु :**

१. पेश गरिएको बोलपत्रमा सकार गर्न चाहेको सवारी साधनको विवरण, कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी सिलबन्दी गरी दाखिला गर्नु पर्नेछ। फोटोकपी गरी पेश गरिएका बोलपत्र मान्य हुने छैन।
२. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम यस कम्पनीको नाममा ग्लोबल आईएमई बैंक लिमिटेड, पानीपोखरी शाखामा कायम रहेको खाता नं ०३३०१०१०००००५३३ मा जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्नेछ।
३. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र पेश गरी दर्ता गराउनु पर्नेछ। म्याद नाघी आएका र रीत नपुगी प्राप्त भएका बोलपत्रहरु मान्य हुने छैन।
४. अस्विकृत बोलपत्रको धरौटी रकम बोलपत्र अस्विकृत भएपछि फिर्ता गरिनेछ र सो रकममा कुनैपनि ब्याज प्रदान गरिने छैन।
५. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्विकृत/अस्विकृत बारे कम्पनीबाट टुङ्गो नलागेसम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन। इन्कार गरेमा धरौटी बापतको रकम स्वतः जफत हुनेछ। सबैभन्दा धेरै रकम कबोल गर्ने बोलपत्रदातालाई सवारी साधन बिक्रि गरिनेछ।
६. बोलपत्रदाताले बोलपत्र स्विकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरी सक्नुपर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी बापतको रकम जफत हुनेछ। सकार गरी लिंदा लाग्ने सम्पूर्ण सरकारी दस्तुर, कर, शुल्क बोलपत्रदाता आफैंले ब्यहोर्नु पर्नेछ।
७. बोलपत्र स्विकृत तथा अस्विकृत गर्ने सर्वाधिकार कम्पनीमा निहित रहने छ।
८. यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालयको फोन नं ०१-४५२४४६५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**ग) निवेदन संग संलग्न गर्नुपर्ने कागजातहरु :**

| व्यक्तिको हकमा | संस्थाको हकमा |
|---|---|
| नागरिकता प्रमाणपत्रको प्रतिलिपि | १) फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण-पत्र, २) स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्र, ३) कर चुक्ता प्रमाण-पत्र |

# निरन्तर तीन कारोबार दिन बढेपछि करेक्सन

**अभियान संवाददाता**

काठमाडौं

अघिल्ला तीन कारोबार दिन निरन्तर बढेको नेप्सेमा मंगलवार करेक्सन देखिएको छ । अघिल्लो कारोबार दिन नेप्से परिसूचक २ दशमलव ४१ अंकले बढेको थियो ।

मंगलवार नेप्से परिसूचक १४ दशमलव शून्य ८ अंकले घटेको छ । यो दिन नेप्से परिसूचक २ हजार ७४५ दशमलव १५ विन्दुसम्म पुगेको थियो भने २ हजार ७०७ दशमलव ३७ विन्दुसम्म झरेको थियो। अन्तिममा नेप्से परिसूचक २ हजार ७१५ दशमलव ९१ विन्दुमा गएर बन्द भएको हो ।

मंगलवार जोशी हाइड्रोपावरको शेयर मूल्य ९ दशमलव ९८ प्रतिशत बढेको छ। जोशी हाइड्रोपावरको शेयर मूल्य यो दिन प्रतिकित्ता ४५१ रुपैयाँ ८० पैसा कायम भएको छ। योबाहेक मध्य भोटेकोशी जलविद्युत्, न्यादी हाइड्रोपावर, उपकार लघुवित्त र कालिका पावरको शेयर मूल्य यस दिन ८ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

यो दिन चार कम्पनीको शेयर मूल्य उच्च दरमा घटेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक, ग्रीन डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंकको शेयर मूल्य १० प्रतिशतले घटेको हो भने सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत घटेको हो ।

मंगलवार कारोबार रकम पनि कम भएको छ । अघिल्लो कारोबार दिन ११ अर्ब ८७ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएकोमा मंगलवार ८ अर्ब ९१ करोड रुपैयाँभन्दा बढीको १ करोड ६९ लाख १७ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

कुल कारोबार रकममा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले सर्वाधिक हिस्सा ओगटेको छ। यो दिन कम्पनीको ३० करोड ८७ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको कम्पनीको शेयर मूल्य प्रतिकित्ता १ हजार ३४९ रुपैयाँ ८० पैसा कायम भएको छ ।

यस दिन कारोबारमा आएका १३ समूहगत सूचकमध्ये जलविद्युत् र 'अन्य' समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ । 'अन्य' समूहको सूचक सबैभन्दा बढी शून्य दशमलव ४३ प्रतिशत बढेको छ भने विकास बैंक समूहको सूचक सबैभन्दा बढी २ दशमलव ६० प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

मंगलवार बजार पूँजीकरण रू. २३ अर्ब ३७ करोडले घट्दै रू. ४५ खर्ब ६ अर्ब १० करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब २९ अर्ब ४८ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ४९ दशमलव ४० प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ४० करोड ६२ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लघुवित्त समूह रहेको छ । उक्त समूहको रू. ७५ करोड ६७ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब १३ करोड २३ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६१ करोड २४ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ५१ करोड ९८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट मंगलवारको बजारमा रू. ६६ करोड २१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

**बढेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ४५१.८० | ९.९८ |
| मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ४००.०० | ८.२५ |
| न्यादी हाइड्रोपावर लिमिटेड | ८२७.०० | ८.१९ |
| उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ६,०००.०० | ८.१२ |
| कालिका पावर कम्पनी लिमिटेड | ६३२.१० | ८.०५ |

**घटेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २,४७४.१० | -१०.०० |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,६२१.२० | -१०.०० |
| सिन्धु विकास बैंक लिमिटेड | १,०९१.७० | -१०.०० |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १,२५१.०० | -९.९९ |
| धौलागिरी लघुवित्त वित्तीय संस्था लि. | १,७९६.०० | -४.७७ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | अन्य | २,१३६.४३ | ०.४३ |
| २ | जलविद्युत् | ३,८३६.५१ | ०.१५ |
| ३ | जीवन बीमा | १३,२२९.२१ | -०.२४ |
| ४ | लगानी | १०६.५३ | -०.५० |
| ५ | व्यापार | ४,४२६.१३ | -०.५२ |
| ६ | म्युचुअल फण्ड | २०.१७ | -०.५४ |
| ७ | बैंकिङ्ग | १,३६७.५४ | -०.५७ |
| ८ | निर्जीवन बीमा | १३,१५५.४४ | -०.५७ |
| ९ | लघुवित्त | ५,१८२.११ | -०.६४ |
| १० | उत्पादन तथा प्रशोधन | ७,२५१.४० | -१.१३ |
| ११ | वित्त | २,५३६.०५ | -१.७० |
| १२ | होटल तथा पर्यटन | ६,८१४.३६ | -१.७९ |
| १३ | विकास बैंक | ५,८६८.६३ | -२.६० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४४०.६२ | ४९.४० |
| २ | लघुवित्त | ७५.६७ | ८.४८ |
| ३ | अन्य | ६८.४५ | ७.६८ |
| ४ | लगानी | ६०.८३ | ६.८२ |
| ५ | विकास बैंक | ६०.२९ | ६.७६ |
| ६ | जीवन बीमा | ५१.७३ | ५.८० |
| ७ | बैंकिङ्ग | ३९.७५ | ४.४६ |
| ८ | वित्त | २७.८९ | ३.१३ |
| ९ | निर्जीवन बीमा | २६.७० | २.९९ |
| १० | उत्पादन तथा प्रशोधन | १८.४५ | २.०७ |
| ११ | होटल तथा पर्यटन | ९.९८ | १.१२ |
| १२ | संस्थापक शेयर | ८.३२ | ०.९३ |
| १३ | व्यापार | १.८२ | ०.२० |
| १४ | म्युचुअल फण्ड | ०.७९ | ०.०९ |
| १५ | ऋणपत्र | ०.५९ | ०.०७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ३०.८७ | १,३४९.८० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | २६.८४ | ९८८.०० |
| हिमालय उर्जा विकास कम्पनी लि. | २५.४० | २६८.७० |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २१.४२ | ८६८.२० |
| पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | १९.०२ | ६०१.०० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ५१.९८ | ६१.२४ | ११३.२३ |
| ४५ | ३४.९६ | ३१.२४ | ६६.२१ |
| ३४ | ३०.५० | २९.९६ | ६०.४७ |
| ४२ | २७.५३ | ३१.८८ | ५९.४१ |
| ४४ | २७.६६ | २७.७० | ५५.३७ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ फेब्रुवरी ४)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,५८३.८१ | १.८१% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,७३९.२५ | १.६२% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३८,७९८.३७ | ०.७२% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २०,७८९.९६ | २.८३% |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. |
|---|---|
| दिन | २०८१ माघ २२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ५१ हजार ७९० |
| आवेदन परेको कित्ता | १६ लाख ४० हजार ८८० |
| आवेदन परेको रकम | १६ करोड ४० लाख ८८ हजार |
| निष्कासनको तुलनामा माग | ७.२९ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ माघ २२ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. |
|---|---|
| दिन | २०८१ माघ २२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ८० हजार |
| आवेदक संख्या | २६ हजार ९९३ |
| आवेदन परेको कित्ता | ६ लाख ९२ हजार ८०० |
| आवेदन परेको रकम | ६ करोड ९२ लाख ८० हजार |
| निष्कासनको तुलनामा माग | ३.८५ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ फागुन ५ गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

# हिमालयन डिष्टिलरीले वितरण गऱ्यो नगद लाभांश

काठमाडौं (अस) । हिमालयन डिष्टिलरी लिमिटेडले यस वर्षको लाभांश वितरण गर्न शुरू गरेको छ । कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट वितरण गर्ने निर्णय गरे बमोजिमको ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थसमेत) माघ १३ गतेदेखि वितरण गर्न शुरू गरेको छ ।

उक्त लाभांश कम्पनीको गत पुस २८ गते सम्पन्न २४औं वार्षिक साधारणसभाले पारित गरेको थियो । सोही सभाबाट कम्पनीले नगद लाभांशसँगै १५ प्रतिशत बोनस शेयर वितरणको प्रस्ताव समेत पारित गरेको थियो । बोनस शेयर भने धितोपत्र दोस्रो बजारमा सूचीकृत भएपश्चात् वितरण गर्ने जानकारी कम्पनीले दिएको छ । कम्पनीले साविकको चुक्तापूँजी २ अर्ब ६७ करोड २५ लाख २३ हजार रुपैयाँको आधारमा १५ प्रतिशत बोनस शेयर वितरण गर्न लागेको हो । दोस्रो बजारमा बोनस शेयर प्रयोजनका लागि मूल्य समायोजन भइसकेको अवस्थामा नेप्सेले उक्त बोनस शेयरलाई पूँजीकरण गरी ३ अर्ब ७ करोड ३४ लाख १ हजार रुपैयाँ कायम गरिसकेको छ ।


कम्पनीले नगद लाभांश सम्बन्धित शेयरधनीहरूको हितग्राही खातामा उल्लेख बैंक खातामा जम्मा गरेकाले आफ्नो खातामा आए नआएको यकिन गर्न समेत कम्पनीले भनेको छ । कम्पनीले साधारणसभा प्रयोजनका लागि पुस १९ गते एक दिन बुक क्लोज गरेकाले पुस १८ गतेसम्म कायम शेयरधनीहरूले मात्र कम्पनीको लाभांश प्राप्त गर्नेछन् । पुस १८ गतेसम्म शेयर धितोमा राखी कर्जा उपयोग गरेका सदस्यहरूको हकमा भने सम्बन्धित कर्जा प्रदायक संस्थाको नाममानै रोक्का राखिएकाले यदि कर्जा फुकुवा भइसकेको भए फुकुवा पत्र पेश गर्न समेत कम्पनीले आग्रह गरेको छ ।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ माघ २२ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ४३ हजार ९९० |
| आवेदन परेको कित्ता | १२ लाख १५ हजार ८० |
| आवेदन परेको रकम | १२ करोड १५ लाख ८ हजार |
| निष्कासनको तुलनामा माग | ५.४० गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २९ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, २३ माघ २०८१ | Wednesday, 5 February 2025
आर्थिक अभियान




तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**बालाजुस्थित बालाजु औद्योगिक क्षेत्रमा रहेको नेपाल ग्यास डिपो बाहिर एलपी (लिक्विफाइड पेट्रोलियम) ग्यासको बुलेट गाडी । चालू आर्थिक वर्षको पहिलो ६ महीनामा नेपालमा २९ अर्ब ७९ करोड ७० लाख रुपैयाँ बराबरको २ लाख ६५ हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास आयात भएको छ ।**

‘आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी’

# शेयर खरीद गर्न प्राधिकरणलाई स्वीकृति

काठमाडौं । सरकारले नेपाल-भारत सीमाबाट भारतको मुजफ्फरपुरसम्म (भारतीय खण्ड)को प्रसारण लाइन निर्माणका लागि स्थापित क्रसबोर्डर पावर ट्रान्समिसन कम्पनीको विक्रीमा रहेको ‘आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड’को शेयर खरीद गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको विद्युत् प्राधिकरणको हिस्सामा पर्ने २९ लाख ७३ हजार १६३ कित्ता संस्थापक शेयर खरीद गर्न प्राधिकरणलाई स्वीकृति दिने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को सोमवारको बैठकले उक्त निर्णय गरेको मंगलवार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले जानकारी दिए । विभिन्न मन्त्रालय अन्तर्गतका निर्णय जानकारी दिँदै उनले काठमाडौं उपत्यका मुकाम रहनेगरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका सम्बन्धित मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको बताए ।

उक्त बैठकले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ बमोजिमको कार्य गृह मन्त्रालयका सचिवबाट सम्पादन गर्नेगरी अधिकार प्रत्यायोजन गर्ने निर्णय समेत गरेको छ । सरकारले सैनामैना नगरपालिका रूपन्देहीलाई सैनामैना फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि रूपन्देहीको सैनामैना नगरपालिका-१० मा रहेको राष्ट्रिय वनको ३ दशमलव ५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ ।

बालसुधार गृह भक्तपुर, मोरङ, कास्की र बाँकेको सञ्चालन र व्यवस्थापनको तथा ज्येष्ठ नागरिक लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप नेपाल)बीच भएको सम्झौताको अवधि २०८२ साल असार मसान्तसम्मको लागि थप गरिएको छ ।

**मन्त्रिपरिषद् बैठकले आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको विद्युत् प्राधिकरणको हिस्सामा पर्ने २९ लाख ७३ हजार १६३ कित्ता संस्थापक शेयर खरीद गर्न प्राधिकरणलाई स्वीकृति दिने निर्णय गरेको हो ।**

मन्त्रिपरिषद्को बैठकले भेरी पम्पिङ उपआयोजना निर्माणको लागि सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं ८, ११ र १२ तथा लेकबेँसी नगरपालिका वडा नं १० मा रहेको राष्ट्रिय वनको ३ दशमलव २ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ ।

विसं २०८१ माघ २९ देखि फागुन १ गतेसम्म संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने ‘विश्व सरकार शिखर सम्मेलन’मा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई सहभागी हुन स्वीकृति प्रदान गरिएको छ ।

आगामी २०८२ साल जेठ २, ३ र ४ गते ‘जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य’ विषयमा काठमाडौंमा सगरमाथा संवाद आयोजना गर्ने निर्णय भएको छ । उक्त बैठकले शहरी विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने कार्यक्रमको लागि आर्थिक वर्ष २०८१/८२ मा अधिकृतस्तरका थप १० अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले विश्वविद्यालय अनुदान आयोग आर्थिक कार्यविधि नियमावली, आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, नेपाल सरकार (कार्यसम्पादन) (आठौं संशोधन) नियमावली र सुशासन (व्यवस्थापन तथा सञ्चालन) (तेस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ । *रासस*

सरकारले तयार पाऱ्यो एआई नीतिको मस्यौदा

# प्रविधिको जिम्मेवार प्रयोगलाई प्राथमिकता

**अभियान संवाददाता**

काठमाडौं

नेपाल सरकारले ‘राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति २०८१’को मस्यौदा तयार पारेको छ । मंगलवार उक्त मस्यौदा सार्वजनकि गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यसउपर सात दिनभित्र सुझाव पेश गर्न सरोकारवालालाई आग्रह गरेको छ ।

सार्वजनिक गरिएको एआई नीतिको मस्यौदामा सरकारले प्रविधिको सुरक्षित, उत्तरदायी र प्रभावकारी प्रयोगलाई प्राथमिकता दिएको छ । नेपालमा पछिल्ला वर्षहरूमा डिजिटल प्रविधिको उल्लेखनीय विस्तार हुँदै आएको छ । प्रविधिको समुचित उपयोगमार्फत सामाजिक तथा आर्थिक रूपान्तरण सम्भव छ भन्ने मान्यताका आधारमा सरकारले एआईसम्बन्धी मार्गचित्र तयार पारेको हो । यस नीतिको उद्देश्य प्रविधि विकासमा सीमित नरहेर नेपालमा उपलब्ध जनशक्तिलाई उद्यमशीलता र स्थानीय आवश्यकतासँग समायोजन गर्दै एआईको प्रयोगलाई व्यवस्थित बनाउनु रहेको बताइएको छ । उक्त नीतिको मस्यौदाले नेपाललाई प्रविधिको जिम्मेवार उपभोक्ता मात्र होइन, एक प्रभावकारी नवप्रवर्तनकर्ता बनाउनुपर्ने आवश्यकतामा जोड दिएको छ ।

नेपालमा एआई प्रविधिको विकास, प्रयोग, तथा नियमनलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार अघि बढाउने सरकारको लक्ष्य छ । एआईको प्रयोगलाई प्रोत्साहन गर्दा यसको सम्भावित जोखिमलाई पनि ध्यान दिनुपर्ने भएकाले नीतिले उत्तरदायी र पारदर्शी प्रविधि व्यवस्थापनको खाका तयार पारेको छ ।

उक्त नीतिले नेपालमा प्रविधि अपनाउने क्रममा देखिने मुख्य चुनौतीहरूमध्ये डेटा सुरक्षाको महत्त्वलाई विशेष जोड दिएको छ । एआईको भरपर्दो प्रयोगका लागि डेटा व्यवस्थापन अनिवार्य रहेको भन्दै नीतिले डेटा गोपनीयता, पहुँच, र स्वामित्वबारे स्पष्ट निर्देशन दिनुपर्ने उल्लेख गरेको छ । एआई प्रविधिले नयाँ रोजगारीका अवसर सृजना गर्न सक्ने र केही परम्परागत कामको स्वरूप नै बदल्न पनि सक्ने भएकाले श्रम बजारलाई प्रभावित पार्ने विषयलाई समेत ध्यानमा राखेर दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकता दिइने मस्यौदामा उल्लेख छ ।

सरकारले एआई प्रविधिको नियमन तथा प्रवर्द्धनका लागि एक विशेष नियामक निकाय गठन गर्ने प्रस्ताव गरेको छ । यस संस्थाले नीति निर्माण, अनुगमन, तथा प्रविधिको प्रयोगमा देखिन सक्ने चुनौतीहरूको समाधान खोज्ने बताइएको छ । एआई प्रविधिको प्रयोग गर्दा डेटा नै यसको मेरुदण्ड हुन्छ । नेपालमा खुला डेटा प्रणाली विकास गर्दै डाटाको सुरक्षित प्रयोगका लागि कानूनी रूपमै स्पष्ट व्यवस्था गरिने नीतिको मस्यौदामा उल्लेख छ ।

एआई प्रविधिसँग सम्बन्धित अध्ययन, अनुसन्धान र प्रयोग बढाउन विश्वविद्यालयहरूमा पाठ्यक्रम समावेश गरिने भएको छ । सरकार र निजीक्षेत्रबीच सहकार्य गर्दै स्टार्टअप तथा अनुसन्धानकर्तालाई सहयोग गर्ने योजनासमेत एआई नीतिको मस्यौदाले समेटेको छ ।

एआईको प्रयोग सरकारी सेवालाई प्रभावकारी बनाउने माध्यमको रूपमा समेत गरिने उल्लेख छ । नागरिकलाई सहज सेवा प्रदान गर्न एआई प्रविधिमार्फत डिजिटल सरकारी सेवा प्रणाली (ई-गभर्नेन्स) विस्तार गरिने नीति बनाइएको छ ।

नीति कार्यान्वयन भएसँगै शिक्षा, स्वास्थ्य, कृषि, यातायात, पर्यटन, र वित्तीय सेवाहरूमा एआई प्रविधिको प्रभाव देखिने अपेक्षा गरिएको छ । ‘शिक्षा क्षेत्रमा, विद्यार्थीका सिकाइ क्षमताअनुसार एडप्टिभ लर्निङ प्रणाली विकास गर्न सकिनेछ । स्वास्थ्य क्षेत्रमा एआईमार्फत टेलिमेडिसिन सेवा सुधार गर्ने, रोग पत्ता लगाउने तथा पूर्वानुमान गर्ने प्रविधिको विस्तार गरिनेछ,’ उक्त नीतिको मस्यौदामा उल्लेख छ, ‘कृषि क्षेत्रमा मौसम तथा बाली प्रवृत्तिको विश्लेषण गर्न एआईको प्रयोग गरेर किसानलाई परामर्श प्रदान गरिनेछ ।’

यातायात व्यवस्थापनमा ‘स्मार्ट ट्राफिक सिस्टम’ विकास गरी सवारी साधनको सहज आवागमन सुनिश्चित गरिने भएको छ । त्यस्तै, बैंकिङ क्षेत्रमा फ्रड डिटेक्सन, क्रेडिट स्कोरिङ, तथा ग्राहक सेवा सुधारका लागि एआई प्रविधिको उपयोग गरिने नीतिको मस्यौदाले संकेत गरेको छ । यद्यपि, एआईको व्यापक प्रयोगले केही चुनौतीहरू ल्याउने सम्भावना औंल्याइएको छ । प्रविधि दुरुपयोग, डेटा सुरक्षामा खलल र रोजगारीमा नकारात्मक असर पर्ने जोखिमलाई रोक्न सरकारले स्पष्ट नीतिगत संरचना आवश्यक देखेको छ ।

सरकारले नीति कार्यान्वयनका क्रममा विभिन्न चुनौतीको व्यवस्थापन गर्नुपर्ने देखेको छ, जसमध्ये डेटा सुरक्षासम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड पालना गर्नुपर्ने आवश्यकता, दक्ष जनशक्तिको अभाव, निजी क्षेत्र र सरकारबीच सहकार्य आवश्यक पर्ने अवस्था र प्रविधि प्रयोगका कारण रोजगारीमा हुने सम्भावित परिवर्तनहरूको व्यवस्थापन मुख्य रहेका छन् ।

उक्त चुनौतीहरू समाधान गर्न अनुसन्धान तथा मानव स्रोत विकासमा विशेष जोड दिइएको छ । साथै, सरकारी नीति, निजीक्षेत्र, तथा शैक्षिक संस्थाहरूबीच सहकार्य गरी प्रविधि उपयोगलाई सन्तुलित रूपमा अघि बढाउने योजनासमेत एआई नीतिको मस्यौदामा उल्लेख छ ।




### मुख्य रणनीतिहरू

- एआई प्रविधिको नियमन तथा प्रवर्द्धनका लागि एक विशेष नियामक निकाय गठन गरिने
- डेटाको सुरक्षित प्रयोगका लागि कानूनी रूपमै स्पष्ट व्यवस्था गरिने
- एआई प्रविधिसँग सम्बन्धित अध्ययन, अनुसन्धान र प्रयोग बढाउन विश्वविद्यालयहरूमा पाठ्यक्रम समावेश गरिने
- एआई प्रविधिमार्फत डिजिटल सरकारी सेवा प्रणाली (ई-गभर्नेन्स) विस्तार गरिने

### सम्भाव्य चुनौतीहरू

- डेटा सुरक्षासम्बन्धी अन्तरराष्ट्रिय मापदण्ड पालना गर्नुपर्ने आवश्यकता
- दक्ष जनशक्तिको अभाव
- निजीक्षेत्र र सरकारबीच सहकार्यको आवश्यकता
- प्रविधि प्रयोगका कारण रोजगारीमा हुने सम्भावित परिवर्तनको व्यवस्थापन

रविसहित ३२ जनाविरुद्ध चितवनमा मुद्दा दर्ता

# ३८ करोडभन्दा बढी क्षतिपूर्ति माग

काठमाडौं (अस) । सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित ३२ जनाविरुद्ध चितवन जिल्ला अदालतमा मुद्दा दायर भएको छ । सहकारी ठगी गरेको आरोपमा यसअघि १७ जनाविरुद्ध अभियोगपत्र दायर भएकोमा अहिले थप १५ जनाविरुद्ध पूरक अभियोगपत्र दर्ता भएको हो ।



लामिछानेविरुद्ध सहकारी संस्थाको रकम अपचलनसम्बन्धी यसअघि नै तीन जिल्लामा मुद्दा विचाराधीन छन् । उनलाई कास्की जिल्ला अदालतले गत पुस २५ गते ६५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो । यस्तै उनलाई काठमाडौं जिल्ला अदालतले माघ २ गते ६० लाख रुपैयाँमा थुनामुक्त गरेको थियो भने एक करोड रुपैयाँ धरौटी तोकेर रूपन्देही जिल्ला अदालतले माघ १३ गते रिहा गरेको थियो ।

रविसँगै गोरखा मिडिया प्रालिका तत्कालीन शेयरधनी तथा सञ्चालक छविलाल जोशी, रामबहादुर खनाल, कुमार रम्तेल लगायतविरुद्ध अभियोग दर्ता भएको हो । अभियोग लागेका ३२ जनामध्ये पाँचजना उपस्थित छन् भने एकजना अनुपस्थित छन् । अन्य २६ जना फरार रहेको अभियोगपत्रमा उल्लेख छ । ३२ जनामध्ये पूरक अभियोगपत्रमा १२ जनाविरुद्ध ठगी र संगठित अपराध दुवै कसुरमा दर्ता भएको छ । अभियोगपत्रमा ३८ करोड ९ लाख ७९ हजार रुपैयाँ क्षतिपूर्ति भराउनुपर्ने माग दाबी गरिएको छ ।

**तथ्यांकोवाच**

## कम्प्युटरको विश्व आयात बजार ४ खर्ब २२ अर्ब अमेरिकी डलर

काठमाडौं (अस) । वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित कम्प्युटरको विश्व आयात बजार ४ खर्ब २२ अर्ब अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको कम्प्युटरको बजारमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने गरी उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | मूल्य अर्ब अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| विश्व | ४२१.८७ | | १००.० |
| संयुक्त राज्य अमेरिका | १०४.१० | -७३.५३ | २४.७ |
| चीन | ३५.८० | ११४.०६ | ८.५ |
| जर्मनी | २५.३४ | -१०.३१ | ६ |
| हङकङ, चीन | २०.५३ | ५.४५ | ४.९ |
| नेदरल्याण्ड्स | १६.५९ | -०.५५ | ३.९ |
| संयुक्त अधिराज्य | १५.२६ | -११.०४ | ३.६ |
| जापान | १५.२५ | -१३.७४ | ३.६ |
| संयुक्त अरब इमिरेट्स | ११.१० | -३.८६ | २.६ |
| क्यानडा | १०.०४ | -८.४६ | २.४ |
| मेक्सिको | ९.९८ | १९.४३ | २.४ |
| फ्रान्स | ९.९४ | -७.४३ | २.४ |
| भारत | ९.३६ | -८.९५ | २.२ |
| सिंगापुर | ८.८० | ०.९८ | २.१ |
| चेक गणराज्य | ८.३१ | ३.७४ | २ |
| कोरिया, गणराज्य | ७.४६ | -६.६५ | १.८ |
| अष्ट्रेलिया | ६.९६ | -६.२६ | १.६ |
| ताइपेई, चिनियाँ | ६.८९ | ३२.१४ | १.६ |
| इटाली | ५.९७ | -४.१० | १.४ |
| थाइल्याण्ड | ५.३४ | ४.८४ | १.३ |
| स्वीडेन | ५.०८ | -३.२२ | १.२ |
| पोल्याण्ड | ४.९३ | १.७५ | १.२ |
| स्पेन | ४.६३ | -३.७३ | १.१ |
| रूसी संघ | ४.४८ | -४.४५ | १.१ |
| मलेसिया | ४.०५ | २.४० | १ |
| बेल्जियम | ३.९२ | -१.९२ | ०.९ |
| स्विट्जरल्याण्ड | ३.६६ | -३.०० | ०.९ |
| भियतनाम | ३.५९ | ७.३६ | ०.९ |
| टर्की | ३.४७ | -३.२६ | ०.८ |
| आयरल्याण्ड | ३.३३ | -०.०९ | ०.८ |
| इन्डोनेसिया | २.७४ | -२.४८ | ०.६ |
| साउदी अरेबिया | २.५३ | -२.४६ | ०.६ |
| डेनमार्क | २.४९ | -१.१९ | ०.६ |
| हंगेरी | २.२६ | २.४९ | ०.५ |
| दक्षिण अफ्रिका | १.९६ | -१.७२ | ०.५ |
| अस्ट्रिया | १.९३ | -१.१४ | ०.५ |
| नर्वे | १.९२ | -१.५८ | ०.५ |
| इजरायल | १.६८ | -१.०३ | ०.४ |
| फिनल्याण्ड | १.४८ | -१.१६ | ०.३ |
| ब्राजिल | १.४५ | -१.३३ | ०.३ |
| स्लोभाकिया | १.३९ | -०.२७ | ०.३ |
| ग्रीस | १.२६ | -०.४५ | ०.३ |
| रोमानिया | १.१९ | -०.८४ | ०.३ |
| चिली | १.१८ | -१.११ | ०.३ |
| कोलम्बिया | १.११ | -१.१० | ०.३ |
| काजाकिस्तान | ०.९७ | -०.८० | ०.२ |
| फिलिपिन्स | ०.९५ | ०.३४ | ०.२ |
| पोर्चुगल | ०.९४ | -०.८१ | ०.२ |
| न्यूजील्याण्ड | ०.९४ | -०.८९ | ०.२ |
| अर्जेन्टिना | ०.९१ | -०.९१ | ०.२ |
| पेरु | ०.८४ | -०.८२ | ०.२ |
| इरान, इस्लामिक गणराज्य को | ०.७९ | -०.७९ | ०.२ |
| युक्रेन | ०.७४ | -०.७२ | ०.२ |
| इराक | ०.५७ | -०.५६ | ०.१ |
| लिथुआनिया | ०.४८ | -०.२१ | ०.१ |
| बुल्गेरिया | ०.४४ | -०.२४ | ०.१ |
| कतार | ०.४३ | -०.४० | ०.१ |
| पाराग्वे | ०.४१ | -०.४१ | ०.१ |
| इक्वेडर | ०.३८ | -०.३८ | ०.१ |
| कुवेत | ०.३८ | -०.३७ | ०.१ |
| पनामा | ०.३७ | -०.१६ | ०.१ |
| इजिप्ट | ०.३६ | -०.३५ | ०.१ |
| मोरक्को | ०.३४ | -०.३३ | ०.१ |
| क्रोएसिया | ०.३४ | -०.२८ | ०.१ |
| पाकिस्तान | ०.३३ | -०.३३ | ०.१ |
| कोस्टारिका | ०.३२ | -०.३१ | ०.१ |
| उजबेकिस्तान | ०.३२ | -०.३० | ०.१ |
| लाटभिया | ०.३१ | -०.१२ | ०.१ |
| बेलारुस | ०.३० | -०.२९ | ०.१ |
| ग्वाटेमाला | ०.३० | -०.३० | ०.१ |
| आइसल्याण्ड | ०.२९ | -०.२९ | ०.१ |
| स्लोभेनिया | ०.२९ | -०.१८ | ०.१ |
| ओमान | ०.२८ | -०.२६ | ०.१ |
| बंगलादेश | ०.२७ | -०.२६ | ०.१ |
| मकाउ, चीन | ०.२५ | -०.२५ | ०.१ |
| सर्बिया | ०.२५ | -०.१७ | ०.१ |
| लक्जमबर्ग | ०.२३ | -०.२० | ०.१ |
| इस्टोनिया | ०.२२ | -०.१५ | ०.१ |
| बहराइन | ०.२० | -०.१४ | ० |
| अजरबैजान | ०.२० | -०.१९ | ० |
| इथियोपिया | ०.२० | -०.२० | ० |
| तुर्कमेनिस्तान | ०.१९ | -०.१९ | ० |
| आर्मेनिया | ०.१८ | -०.०८ | ० |
| नाइजेरिया | ०.१७ | -०.१७ | ० |
| उरुग्वे | ०.१६ | -०.१६ | ० |
| एल साल्भाडोर | ०.१६ | -०.१६ | ० |
| जोर्डन | ०.१५ | -०.१४ | ० |
| अल्जेरिया | ०.१५ | -०.१५ | ० |
| ट्युनिसिया | ०.१५ | -०.१४ | ० |
| जर्जिया | ०.१४ | -०.१४ | ० |
| केन्या | ०.१४ | -०.१३ | ० |
| डोमिनिकन रिपब्लिक | ०.१२ | -०.१२ | ० |
| अंगोला | ०.११ | -०.११ | ० |
| साइप्रस | ०.१० | -०.०९ | ० |
| मंगोलिया | ०.१० | -०.१० | ० |
| होन्डुरस | ०.१० | -०.१० | ० |
| श्रीलंका | ०.१० | -०.१० | ० |
| भेनेजुएला, बोलिभेरियन गणतन्त्र | ०.१० | -०.१० | ० |
| तान्जानिया, संयुक्त गणतन्त्र | ०.०९ | -०.०९ | ० |
| किर्गिजस्तान | ०.०८ | -०.०७ | ० |
| नेपाल | ०.०८ | -०.०८ | ० |

*स्रोत : आइटिसी*

# नेपाल औषधि लिमिटेडले पायो जिएमपी प्रमाणपत्र

काठमाडौं । नेपाल औषधि लिमिटेडले विश्व स्वास्थ्य संगठनको मापदण्ड कुशल औषधि उत्पादन अभ्यास (गुड म्यानुफ्याक्चरिङ प्राक्टिस-जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । कम्पनीले सम्पूर्ण मापदण्ड पूरा गरेपछि स्थापना भएको पाँच दशकपछि मंगलवार औषधि व्यवस्था विभागबाट अन्तरराष्ट्रिय मान्यताको उक्त प्रमाणपत्र प्राप्त गरेको कम्पनीका महाप्रबन्धक कैलाशकुमार पनेरुले जानकारी दिए ।

‘विसं २०२९ सालमा कम्पनी स्थापना भए पनि २०६४/६५ सम्म जिएमपीको प्रावधान थिएन, यो प्रावधान आएपछि कम्पनीले औषधि उत्पादन बन्द गरेको थियो,’ उनले भने, ‘विसं २०७४ सालदेखि कम्पनीले सो मापदण्डमा औषधि उत्पादन शुरू गरेपछि मात्रै उक्त प्रमाणपत्र प्राप्त भएको हो ।’

‘प्रमाणपत्र प्राप्त गर्नु आफैमा ठूलो उपलब्धि हो,’ उनले भने । हाल कम्पनीले ओरल रिहाइड्रेसन साल्ट (ओआरएस), ट्याबलेट र हेमोडालाइसस फ्लुइड (पार्ट-१ र २) अन्तर्गत १४ प्रकारका औषधि उत्पादन गरिरहेको छ । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर